# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक १३७ | काठमाडौं | शुक्रबार, २१ भदौ २०८१ | Prabhab National Daily | Friday, September 06, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


## रामकुमारी झाँक्रीको पार्टी फुटाउने सङ्केत

- पदाधिकारी चयनमा भएको चुनावपछि झाँक्री अध्यक्ष नेपालसँग असन्तुष्ट
- ओलीसँग झाँक्रीको सम्बन्ध सुमधुर, सोमबार ओली-झाँक्री भेट
- कम्तीमा ६५ जना एमाले प्रवेश गर्ने तयारी



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** माधवकुमार नेपाल नेतृत्वको नेकपा एकीकृत समाजवादी फुट्ने देखिएको छ । पोलिटब्युरो सदस्य रामकुमारी झाँक्रीसहितको ठूलो टिम पूर्ववर्ती पार्टी नेकपा एमालेमा जाने पक्षमा देखिएको हो । झाँक्री दुई वर्षयता एमाले र उक्त दलका अध्यक्ष केपी शर्मा ओलीप्रति नरम देखिएकी छिन् । अध्यक्ष नेपालविरुद्ध भने कडारूपमा प्रस्तुत हुँदै आएकी छिन् । ओलीसँग विस्तारै उनले सम्बन्ध सुधार गरेकी छिन् ।

बुधबार मात्रै उनले सामाजिक सञ्जाल फेसबुकमा प्रधानमन्त्रीसमेत रहेका एमाले अध्यक्ष ओलीको समर्थन गरेकी थिइन् । काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाहका समर्थकले ओलीको फेसबुकमा 'अनफलो' अभियान चलाएपछि झाँक्रीले एमालेका संगठित सदस्यले चाहे ओलीको फलोअर्स अहिलेको भन्दा दोब्बर हुने लेखेकी थिइन् ।

उसो त ५ पुस २०७७ मा ओलीले प्रधानमन्त्री छँदा प्रतिनिधिसभा विघटन गरेपछि भने झाँक्री ओलीविरुद्ध खनिएकी थिइन् । त्यसबेला उनले नेता नेपाललाई पूरापूर साथ दिइन् । नेकपा एस गठनमा उनको भूमिका महत्वपूर्ण छ । तर, उनै झाँक्रीको नेपालसँग तिक्ततापूर्ण र ओलीसँग सौहार्दपूर्ण सम्बन्ध विस्तार हुँदै गएको छ ।

पार्टी पदाधिकारीमा चुनाव भएपछि झाँक्री पार्टीमा झनै असन्तुष्ट छिन् । उनी पार्टीका सांसद किसान श्रेष्ठलाई लिएर सोमबार (१७ भदौमा) प्रधानमन्त्री ओली भेट्न बालुवाटार पुगेकी थिइन् । त्यहाँ ओलीसँग एमाले फर्किनेबारे उनीहरूले सम्वाद गरेको स्रोतले जनायो । स्रोतका अनुसार नेकपा एसबाट पाँच जना सांसद एमाले फर्किने तयारीमा छन् । तर, कारबाही गरे कानुनी चुनौती कसरी दिने ? त्यसबारे छलफलमा भइरहेको छ ।

राजनीतिक दलसम्बन्धी ऐन अनुसार एकपटक विभाजन भएको पार्टी पाँच वर्षसम्म फुट्न मिल्दैन । एमालेबाट ९ भदौ २०७८ मा विभाजन भएको एकीकृत समाजवादी अझै ०८३ भदौसम्म विभाजन गर्न कानुनतः मिल्दैन । समानुपातिकमा थ्रेस होल्ड कटाउन नसकेर राष्ट्रिय दल नभए पनि एकीकृत समाजवादीका १० जना सांसदलाई मनलाग्दी गर्ने छुट हुँदैन । दलको निर्देशन लाग्छ ।

सांसदहरू एमालेमा जाँदा दलले कारबाही गरे स्वतः पद जान्छ । त्यही भएर सांसदहरू पनि एमालेमा मिसिने सम्भावना न्यून रहेको एक नेताले बताए । तर, निर्वाचन आयोग र सभामुखले यसबारे सहजीकरण गरिदिनसक्ने आश्वासन उनीहरूले पाएका छन् । अघिल्लो साता १८ पदाधिकारी र १०१ पोलिटब्युरोमा चुनाव गर्दा नेतृत्वले सन्तुलित र विवेकपूर्ण व्यवहार नदेखाएको भन्दै झाँक्रीसहित उपाध्यक्षमा पराजित भएका नेता केशवलाल श्रेष्ठले बताएका छन् ।

(क्रमशः पृष्ठ २ मा)

# दलगत ट्रेड युनियन खारेजको माग घनिभूत

- निजामती विधेयकमाथि सैद्धान्तिक छलफल ६ महिनापछि सुरु
- दलगत ट्रेड युनियन खारेज गर्न सांसदहरूको दबाव
- विधेयकमा कर्मचारीको उमेर हद दुई वर्ष बढाएर ६० वर्ष



■ **जेबी योञ्जन**

**काठमाडौं–** सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाको सर्त सम्बन्धमा बनेको विधेयकमाथि साढे पाँच महिनापछि सैद्धान्तिक छलफल सुरु भएको छ । प्रतिनिधिसभाअन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिमा संघ, प्रदेश र स्थानीय तहबीचको प्रशासनिक सम्बन्धका प्रावधानसहितको विधेयकमाथि बिहीबारदेखि सैद्धान्तिक छलफल प्रारम्भ भएको हो ।

सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताका अनुसार विधेयक जतिसक्दो छिटो पास गराउने सरकारको चाहना छ । उनले विधेयक बनाउन ढिलो भएको निष्कर्षमा सरकार पुगेको पनि बताए । प्रस्तावित विधेयकमा १२४ समूहमा सांसदहरूले एक हजार ५८३ वटा संशोधन प्रस्ताव दर्ता गरेका छन् । संशोधनमाथि एक/एक गरेर छलफल अगाडि बढाए समय लाग्ने भन्दै मन्त्री गुप्ताले विषयका आधारमा छुट्याएर छलफल गर्न सुझाएका छन् ।

उनले विधेयकबारे राजनीतिक नेतृत्व तहमा सहमतिको आवश्यकता औंल्याउँदै भने, 'यो विधेयक छलफलमा लग्यो भने एक/दुई वर्ष लाग्न सक्छ । हामी उच्च राजनीतिक तहमा छलफल गर्छौं । छलफलबाट अगाडि बढ्छौं र छलफल विषयका आधारमा गरौं ।'

गत वर्षको २१ फागुनमा विधेयक संसदमा दर्ता भएको थियो ।

अघिल्लो संसदको राज्य व्यवस्था तथा सुशासन समितिले ६१ वटा बैठक बसेर पारित गरेको विधेयक फेरि संसदबाट समितिमा आएको हो । तर, शीर्ष नेतृत्व तहमा विधेयक पारित गर्नेबारे सहमति जुटेको थिएन । यसपछि विधेयक समितिमै फर्काइएको हो । त्यसैले अब शीर्ष राजनीतिक तहबाटै टुङ्गोमा पुग्नुपर्नेमा सांसदहरूको जोड छ । राजनीतिक तथा संवैधानिक विषयमा सहमति हुन नसक्दा संसदको कुनै पनि समितिले शीर्ष नेतृत्वलाई गुहार्ने चलन नै भएको छ । यसअघि बेपत्ता पारिएका व्यक्तिको छानबिन र सत्य निरूपण तथा मेलमिलाप आयोग (टीआरसी) विधेयकमा सहमति जुटाउन पनि शीर्ष नेता गुहारिएको थियो ।

बिहीबारको छलफलमा सहभागी हुँदै एमाले सांसद रघुजी पन्तले सैद्धान्तिक विषयमा प्रधानमन्त्री केपी शर्मा ओली र कांग्रेस सभापति शेरबहादुर देउवासँगै बसेर टुङ्ग्याउनुपर्ने बताए । दुई नेताबीच राजनीतिक सहमति भयो भने विधेयकको विवादित विषय टुङ्गिने उनको भनाइ छ । होइन भने टाउको फोराफोर गरे पनि केही नहुने सांसद पन्तको जिकिर छ ।

'सैद्धान्तिक विषयलाई प्रधानमन्त्री केपी शर्मा ओली र कांग्रेस सभापति शेरबहादुर देउवाजीसँग बसेर टुङ्ग्याउनुपर्छ । राजनीतिक सहमति भयो भने टुंगिन्छ । होइन भने टाउको फोराफोर गरे पनि केही हुँदैन', पन्तले समिति बैठकमा भने । विधेयकमाथिको सैद्धान्तिक छलफलको सुरुवातमा थुप्रै सांसदले दलगत ट्रेड युनियनलाई खारेज गर्नुपर्ने मत राखेका छन् । यस्तो मत राख्ने एमाले सांसद पन्त पनि हुन् । उनीसँगै कांग्रेस सांसद सरिता प्रसाईंले ट्रेड युनियन अनिवार्य खारेजी गर्नुपर्ने बताइन् ।

'दलैपिच्छेको ट्रेड युनियनलाई के गर्ने हो ? पर्याप्त छलफल गर्नुपर्छ । सचिव र सहसचिवसँग कुरा गर्दा ट्रेड युनियनका मान्छेले थर्काउँछन् भन्छन्', उनले बैठकमा भनिन् । राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद डा. चन्दा कार्कीले पनि दलीय ट्रेड युनियन राख्न नहुने बताइन् । 'ट्रेड युनियनमा प्रवेश गरेकाको पनि कामको उचित मूल्याङ्कन हुनुपर्छ । दलीय ट्रेड युनियन राख्न हुँदैन,' सांसद कार्कीले भनिन् । जनता समाजवादी पार्टी (जसपा) सांसद प्रकाश अधिकारीले कर्मचारीको संख्या बढी भए पनि खटाइएको स्थानमा नजाने प्रवृत्ति रहेको बताए । उनले ट्रेड युनियनका नेताहरूको कार्यशैलीमा प्रश्न उठाए । 'ट्रेड युनियनमा रहेकाहरू महिनौं हाजिर मात्र गरेर तलब सुविधा पाइरहेका छन् । किन ?,' उनको प्रश्न थियो ।

जनता समाजवादी पार्टीका अध्यक्ष अशोककुमार राईले पनि ट्रेड युनियन खारेज गर्नुपर्ने बताए । २०७२ सालमा संविधान जारी भएपछि प्रदेश र स्थानीय तहमा कर्मचारी पठाउन कर्मचारी समायोजन ऐन ल्याइएको थियो । तर, तत्कालीन आवश्यकता पूरा गर्न ल्याइएको उक्त कानुनका कारण धेरै कर्मचारीको वृत्तिविकासमा असर परेको भन्दै कर्मचारीतन्त्रबाट विरोध भयो ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भ: वैदेशिक रोजगार**

### यूएईमा आप्रवासी कामदारलाई आममाफी

# अवैध रूपमा बसेका नेपालीलाई राहत

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** संयुक्त अरब इमिरेट्स (यूएई) सरकारले लामो समयदेखि अवैध रूपमा बसिरहेका आप्रवासी कामदार र विदेशी नगारिकलाई आममाफी दिने गरी ' एम्नेस्टी २०२४' घोषणा गरेको छ । युएईले विशेषः गरेर अवैध रूपमा रहेका आप्रवासी कामदारहरूलाई लक्षित गर्दै उनीहरूलाई घर फिर्ती वा वैध रूपमा वस्ने अवस्था बनाउन आममाफीको कार्यक्रम ल्याइएको बताइएको छ ।

यूएईमा अवैध रूपमा रहेका कामदारहरूले वैधता प्राप्त गर्न दुई महिनाको समय पाउने छन् । यसको लागि यूएई सरकारले यही सेप्टेम्बर १ देखि अक्टोबर ३० सम्म दुई महिनाको समयावधि दिएको छ । उक्त कार्यक्रम घोषणा भएसँगै लामो समयदेखि अवैध रूपमा रहेका आप्रवासी कामदारहरूले वैधता प्राप्त गर्ने बाटो खुलेको छ । निर्धारित समयमा तोकिएको प्रक्रिया पुरा नगर्ने कामदारहरू जुनसुकै बेला कारवाहमा पर्ने बताइएको छ ।

युएई सरकारले एम्नेस्टी २०२४ घोषणा गरेसँगै अवैध रूपमा रहेका नेपाली कामदारलाई वैध बन्ने ठूलो अवसर आएको त्यहाँस्थित नेपाली राजदूतावासले जनाएको छ । दूतावासले एक विज्ञप्ति जारी गर्दै यूएई सरकारले बिभिन्न कारणले कामको सिलसिलामा वा भिजिट भिषामा आइ ओभर स्टे भई



जरिवाना बुझाउन नसकी स्वदेश फर्कन नसकेका आप्रवासी कामदारहरूलाई लक्षित गरि एम्नेस्टी २०२४ ल्याएको उल्लेख गरेको छ । अतः निर्धारित अवधिमा वर्किङ भिसा/भिजिट भिसामा आएर रन अवे (कम्पनी छोडेर भाग्ने)/ओभर स्टे लगायतका जरिवाना तथा अध्यागमनसम्वन्धी समस्या भोगिरहेका नेपाली आप्रवासी कामदारहरूलाई एम्नेस्टीमा सहभागी भई नेपाल फर्कन वा संयुक्त अरब ईमिरेट्स भित्रै बस्न तोकिएको प्रकृया पूरा गरी कानूनी आधार निर्माण गर्न दूतावासले आग्रह गरेको छ ।

वर्किङ तथा भिजिट भिसामा यूएई पुगी रन अवे/ओभर स्टेको जरिवानामा परेका व्यक्ति मात्र नभई त्यहाँ बस्न अनुमति पाए पनि अध्यागमनको नियम उल्लंघन गरेकाहरूलेसमेत एम्नेस्टीमार्फत वैध हुन पाउने छन् । यस्तै, आवासीय भिसामा यूएईमा रहेका विदेशी बाबुआमाले आफ्ना छोराछोरीलाई त्यहाँ प्रवेशपश्चात् रहनबस्न पाउने अनुमति प्राप्त नगरी अध्यागमन नियम उल्लंघन गरे पनि एम्नेस्टीमा सहभागि भएर वैध हुन पाउने छन् ।

एम्नेस्टी कार्यक्रममा सहभागी हुने कसैले पनि यूएईको अध्यागमनसँग सम्बन्धित जरिवाना वा कुनै शुल्क तिर्नु नपर्ने दूतावासले उल्लेख गरेको छ । एम्नेस्टीमा सहभागी भई यूएईमा नै रहन चाहने व्यक्तिले त्यहाँको मानव संशाधन मन्त्रालयबाट जारी 'जब अफर लेटर' लिई आफ्नो 'स्टाटस' परिवर्तन गर्नु पर्नेछ । एम्नेस्टीका निम्ति आवेदन दिन आफ्नो भिसा भएको इमिरेट्सभित्रका अध्यागमनमा मात्र सम्पर्क गर्नु पर्नेछ ।

जसमा अबुधावीको भिसा भएकाहरूले अल धफ्रा, स्वेइहान, अल मकाम, अल शामह आईसीपी केन्द्रमा आवेदन दिन सक्नेछन् । यस्तै दुबईको भिसा हुनेले अल अविर अध्यागमनमा, अरु इमिरेट्सको भिसा हुनेले नजिकको आईसीपी सर्भिस सेन्टरमा आवेदन दिनु पर्नेछ । यसरी एम्नेस्टी २०२४ मा सहभागी हुने नेपाली कामदारले सम्बन्धित अध्यागमन कार्यालयले दिएको 'फाइन क्लियरेन्स' तथा प्रहरी रिपोर्ट पेस गरेमा नेपाली दूतावासले उनीहरूलाई राहदानी नियमावली, २०७७ को नियम २२ अनुसार नेपाल फर्कन निःशुल्क एकतर्फी यात्रा अनुमतिपत्र (ट्राभल डकुमेन्ट) उपलब्ध गराउने दूतवासले जानकारी दिएको छ । यद्यपी नेपाल फर्कने हवाई टिकटको व्यवस्था कामदार स्वयम्ले गर्नु पर्ने बताइएको छ । एम्नेस्टीको प्रक्रिया पूरा गरी नेपाल फर्किएको व्यक्ति पुनः यूएई आउन चाहेमा कुनै वाधा नपर्ने दूतावासले उल्लेख गरेको छ ।

यूएईमा अवैध रूपमा बस्दै आएका नेपालीको संख्या यकिन नभए पनि ठूलो संख्यामा रहेको अनुमान गरिएको राजदूत तेजबहादुर क्षेत्रीले बताए ।

(क्रमशः पृष्ठ २ मा)




पृष्ठ १ बाट क्रमशः

## दलगत ट्रेड...

अन्ततः साढे पाँच महिनाअघि सरकारले विधेयक ल्याएको हो । देश सङ्घीयतामा प्रवेश गरे पनि निजामतीसम्बन्धी ऐन बन्न नसक्दा प्रशासनिक सङ्घीयता कार्यान्वयनमा आउन सकेको छैन । राज्यका तर्फबाट प्रदान गरिने सार्वजनिक सेवालाई प्रभावकारी रूपमा सञ्चालन गर्न नयाँ ऐन जरुरी परेको भन्दै सरकारले विधेयक ल्याएको हो । सरकारले २०७५ माघमा प्रतिनिधिसभामा दर्ता गरेको निजामती विधेयक बीचैमा फिर्ता गरिएको थियो । लामो समयको कसरतपछि विधेयक दोस्रो पटक दर्ता गरिएको हो ।

२०४९ सालमा निजामती ऐन जारी गरिएको थियो । ३२ वर्षपछि यो परिवर्तन हुन लागेको हो । विधेयकमा संघीय मामिलामन्त्रीको अध्यक्षतामा मुख्यसचिवसहित १२ जनाको प्रशासन सुधार समिति गठन गर्ने प्रावधान विधेयकमा राखेको छ । कर्मचारीको ट्रेड युनियन अधिकार कायम राखिएको छ । कार्यालय प्रमुख भएर काम गर्नुपर्ने बाहेकका राजपत्रांकित तृतीय श्रेणी वा सो भन्दा तल्लो पदका कर्मचारीले उक्त युनियनको सदस्य बन्न र नेतृत्व गर्न सक्नेछन् । निजामती विधेयकमा कर्मचारीको निवृत्त हुने उमेर साविकभन्दा दुई वर्ष बढाएर ६० वर्ष प्रस्ताव गरिएको छ ।

संसद्बाट ऐन पारित भएको आर्थिक वर्षभित्र भने ५८ वर्ष सेवा अवधि भएका कर्मचारी सोही वर्ष निवृत्त हुनेछन् । विधेयकमा कर्मचारीको श्रेणी र तहगत व्यवस्था गरिएको छ । राजपत्र अनंकित र राजपत्रांकितसमेत १४ वटा तह रहनेछन् । चौधौं तहको मुख्यसचिव हुनेछन् । ११ औं र १२ तह सहसचिव तथा १३ औं तहको सचिव हुने प्रावधान विधेयकमा रहेको छ । राजपत्र अनंकित पहिलोदेखि पाँचौंसम्म हुने व्यवस्था रहेको छ । १२ तहको वरिष्ठ सहसचिव र सचिवलाई प्रदेश सचिवका रूपमा पठाउने व्यवस्था रहेको छ । सुरुवातको प्रस्तावमा सङ्घीय मामिला मन्त्रालयबाट अतिरिक्ति सचिवको व्यवस्था गरेकामा प्रधानमन्त्री कार्यालयबाट उक्त व्यवस्था हटाइएको छ । सूचना प्रविधि सेवासमेत ११ वटा सेवा रहनेछ । प्रस्तावअनुसार विशिष्ट श्रेणीमा ६ वटा क्लस्टर रहनेछन् ।

विधेयकमा राजपत्र अनंकित पदको सुरु प्रवेश बिन्दु सहायक चौथो तह हुनेछ भने राजपत्रांकित सुरु प्रवेश बिन्दु अधिकृत सातौं तहको हुने प्रस्ताव गरिएको छ । पूर्ति हुने पदमध्ये ४९ प्रतिशत आरक्षणका लागि छुट्याइएको छ । आरक्षणअन्तर्गत पनि ५० प्रतिशत महिलाका लागि हुनेछ । त्यसमा खसआर्य, आदिवासी, जनजाति, मधेशी, दलित, थारू, पिछडिएको क्षेत्र, अपांग भएका व्यक्तिबाट पदपूर्ति गरिनेछ । बाँकी ५० प्रतिशतमा महिलामध्ये नै खुला प्रतिस्पर्धा हुनेछ । यो व्यवस्था पहिलो पटक गरिएको हो ।

सरुवामा चक्रीय प्रणाली लागू गर्ने विधेयकमा प्रस्ताव गरिएको छ । दरबन्दी भएसम्म मुलुकका सबै क्षेत्रमा जानुपर्ने व्यवस्था गरिनेछ । कार्यसम्पादन सम्झौता गरिएका विभागीय, कार्यालय प्रमुख वा आयोजना प्रमुखलाई अवधि नपुगी सरुवा गर्दा निजको कार्यसम्पादनको अवस्था र सरुवा गर्नुको मुख्य कारण खुलाएर मन्त्रालयको सहमति लिनुपर्ने छ । सरुवा भएको कार्यालयमा हाजिर हुन रवाना नदिने र नलिने कर्मचारीलाई विभागीय कारबाही गरिनेछ । साथै निजले खाएको तलब भत्ता असुल गरिनेछ । पदस्थापन वा सरुवा भएका कर्मचारीलाई हाजिर नगराउनेलाई विभागीय कारबाही गरिनेछ । बढुवाका लागि कर्मचारीले पाउने अंक निर्धारण गर्न पाँच प्रकारका भौगोलिक क्षेत्रमा वगीकरण गरिएको छ । क, ख, ग, घ र ङ मा वर्गीकरण गरिएकामा त्यसमा आधारित भएर कुल १६ अंकसम्म प्राप्त गर्ने प्रावधान राखिएको छ ।

एउटै श्रेणीको पदमा कम्तीमा १० वर्ष काम गरेको राजपत्रांकित प्रथम श्रेणी वा सोभन्दा तलको कर्मचारीलाई अनिवार्य अवसरका रूपमा कम्तीमा एक महिनाअघि साबिकको श्रेणीको पदभन्दा माथिल्लो पदमा बढुवा गरेर अवकाश दिइनेछ । त्यस्तै सात वर्षको सेवा अवधि पूरा भई पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्यांकनमा कम्तीमा ९० प्रतिशत अंक प्राप्त गरेको र नकारात्मक सूचीमा नपरेको कर्मचारीलाई सम्बन्धित मन्त्रालय वा केन्द्रीयस्तरको निकायले एक तह बढुवा गर्ने प्रावधान राखिएको छ । यस्तो बढुवा सहायक पाँचौं तहबाट छैटौं तह हुँदै ११ औं तहबाट १२ औंसम्म गरिनेछ । राजपत्र अनंकित पाँचौं तहका कर्मचारीको प्रत्येक ५ वर्ष अवधि पूरा भएपछि प्रथमदेखि पाँचौं स्तरसम्म कम्तीमा पाँचवटा स्तरमा वृद्धि हुनेछ । दरबन्दी मिलान हुन नसकी फाजिलमा परेका वा सरकारलाई आवश्यक नभएका पदमा कार्यरत कर्मचारीलाई छुट्टै सेवा सर्त तोकी राजपत्रमा सूचना प्रकाशित गरेर स्वेच्छिक अवकाशको व्यवस्था गरिनेछ ।

●●●

## रामकुमारी झाँक्रीको...

पार्टी निर्माणकै क्रममा रहेको र जनताबाट अनुमोदित भएर राष्ट्रिय दल नबनेकोले चुनाव गर्न नहुने र ९३ सदस्यीय केन्द्रीय समितिको म्यान्डेट मिच्ने काम भएको उनको गुनासो छ ।

उनले ६५ जना जति एमाले फर्किने तयारीमा रहेको जानकारी पाएको बताए । 'शीर्ष नेता, पराजित भएका नेता एमाले जान ठिक्क परेको मैले सुनेको छु । नेतृत्व तहबाट भेदभाव भएपछि मानिसले सहँदैन नि। आन्दोलन हुने, पार्टी फुट्ने कारण त्यही हो,' श्रेष्ठले प्रभावसँग भने ।

पार्टी उपाध्यक्ष राजेन्द्र पाण्डेले भने महाधिवेशन र पदाधिकारी चयनपछि असन्तुष्ट बनेका नेतालाई मिलाउनुपर्ने अवस्था आएको बताए । 'हाम्रै पार्टीभित्र हारेका, जितेका साथीहरूका समस्या छन् । आफ्नो पार्टीका साथीहरूलाई रोक्ने चुनौती हो तर रोक्छौं,' उनले भने । नेकपा एसबाट १५ भन्दा बढी जिल्लाबाट ठूलो टिम एमालेमा समाहित भइसकेको छ । पार्टीका नेता कार्यकर्ता जोगाउन अध्यक्ष नेपाललाई छ ।

●●●

## अवैध रूपमा...

'ठ्याक्कै यति नै छ भन्न सक्ने अवस्था छैन, तर १० हजारको हाराहारीमा होला भन्ने हाम्रो अनुमान छ,' उनले भने । अवैध रूपमा रहेका कामदारले प्रहरीबाट प्रक्राउ पर्ने, मुद्दा खेप्नुपर्ने, कालोसूचीमा पर्ने, उपचारका लागि अस्पताल भर्ना हुन नसक्ने, सार्वजनिक यातायात प्रयोग गर्न नसक्ने, ठूलो जरिवाना तिर्नुपर्ने, आधारभूत सेवा सुविधासमेत प्राप्त नहुनेलगायत समस्या खेप्नुपर्ने राजदूत क्षेत्रीले बताए । यसबाट छुटकारा पाउनको लागि एम्नेस्टीमा सहभागि हुन उनले आग्रह गरे । एम्नेस्टी घोषणा भएसँगै नेपाली कामदारको सहयोगका लागि दूतावासले छुट्टै डेस्क स्थापना गरी काम गरिरहेको राजदूत क्षेत्रीले जानकारी दिए ।

### काठ लिलामी सूचना

**जनता सामुदायिक वन उपभोक्ता समूह उदयपुर गढी १ ले नियमानुसार संकलन गरी उपभोक्ताबीच खपथ नभएको साल गोलिया थान ८० को ७५०.८० क्युविक फिट काठ बिक्री वितरण गर्नुपर्ने भएकाले ईच्छुक काष्ठ व्यवसायीले यो सूचना प्रकासित मितिले २१औ दिनसम्म रितपूर्वक बोलपत्र खरिद गरी पेश गर्नुहुन यो सूचना प्रकासित गरिएको छ । विस्तृत विवरण समूहको कार्यालयमा टाँस गरिएको छ ।**

### दावी विरोध सम्बन्धी
### वैदेशिक रोजगार विभाग काठमाडौंको
### सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजतपत्र प्राप्त संस्था **श्री Al Haya Recruitment Pvt. Ltd. (ई.प.नं. १०९३/०७३/०७४) ले** यस विभाग समक्ष झापा जिल्ला विर्तामोड नगरपालिका वडा नं. १ स्थित शाखा कार्यालय रद्द गरी धरौटी रकम फिर्ता गरी पाउँ भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सवुद प्रमाण सहित **वैदेशिक रोजगार विभाग**मा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८१/०५/१६ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शाखा कार्यालयको इजाजतपत्र रद्द गरी धरौटी रकम फिर्ता भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

### चोमालुङ्मा सा.व.उ.स. बेलका नगरपालिका ८ उदयपुरको काठ लिलाम बिक्री सम्बन्धी सूचना

यस सावउसको स्वीकृत कार्ययोजना अनुसार आव २०८०।०८१ मा उत्पादन भई घाटगद्दी गरिएका खयर जातको गोलिया थान २५२ को ३१३.३० क्यूफिट, साल जातको थान ४८ को ६५७.७१ क्यूफिट समूह बाहिर बिक्रि वितरण गर्नु पर्ने भएकाले यो २१ दिने सूचना प्रकाशित गरिएको छ । इच्छुक भ्याटमा दर्ता भएका र बन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत भएका काष्ठ उद्योगहरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिन सम्म बोलपत्र खारिद गरि २२ औं दिनको दिन रित पूर्वक शिलबन्दी बोलपत्र दाखिला गर्न हुन अनुरोध छ । विस्तृत जानकारीको लागि समूहको कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध छ ।


## कतार/साउदीमा रोजगार

कम्पनी : DANIA MAID FOR CLEANING WLL
शहर : ............

पुर्व स्वीकृति मिति २०८०/०८/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०५/२० | LT. No. 296217 | चलानी नं. ६०२०२८९१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 0 | 4 | 1000 | ३६,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

कम्पनी : KHALED ALI AL AMRKEEB TRADING EST

पुर्व स्वीकृति मिति २०८१/०५/२० | LT. No. 310336 | चलानी नं. ६०२२४८०९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 4 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL-MAWARID AL-NAFIA TRADING COMPANY IS A ONE PERSON COMPANY

पुर्व स्वीकृति मिति २०८१/०५/१९ | LT. No. 310252 | चलानी नं. ६०२२४८०९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ZN TRADING EST

पुर्व स्वीकृति मिति २०८०/१२/०७ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०५/२० | LT. No. 302023 | चलानी नं. ६०२२४८०९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 5 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २८ गते (13th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १०००/०६८/०६९

**Honesty Overseas Pvt.Ltd.**
Basundhara Chowk-8, Kathmandu, Nepal, Phone No.: +977-1-4364494, 4352243
Email : honestyoverseas@gmail.com, Web: www.honestyoverseas.com.np



## साउदीमा रोजगार

कम्पनी : INJAZ ARCHITECTURAL GENERAL CONTRACTING
शहर : KSA

पूर्व स्वीकृति मिति : २०८१/०५/१९ | LT. No. 310197 | चलानी नं. ६०२२४८१९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker/general Worker | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NAAMA HUSSEIN MOHAMMED NAKHAFI ESTABLISHMENT FOR BEVERAGE SERVICES

पूर्व स्वीकृति मिति : २०८१/०५/२० | LT. No. 310268 | चलानी नं. ६०२२४८४८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loader & Unloader | 2 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २८ गते (13th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1638/080/81

**TESLA OVERSEAS PVT.LTD.**
Sinamangal 9, Kathmandu, Nepal, Tel: 01-5920966, 5920965
Email: info.teslaoverseas@gmail.com, Web: www.teslaoverseas.com.np


### कर्णाली प्रदेश सरकार
### सामाजिक विकास मन्त्रालय
## प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र
### सुर्खेत

## विद्युतीय दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८१/०५/२१**

यस प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्था केन्द्र, सुर्खेतबाट तपसिल बमोजिमको कार्य विद्युतीय बोलपत्रको माध्यमबाट गराउनु पर्ने भएकोले इजाजत प्राप्त सेवा प्रदायक संस्थाहरुबाट रीतपूर्वक बोलपत्र आह्वान गरिएको छ । विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको Website:www.bolpatra.gov.np/egp मा हेर्न हुन समेत सूचित गरिन्छ ।

**तपसिल**

| क्र.स. | ठेक्का नं. | खरिद सम्वन्धि विवरण | फाराम दस्तुर रु. | जमानत रकम रु. | बोलपत्र जमानत मान्य अवधि | पेश गर्ने अन्तिम मिति र समय | खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | PHLMC/KP/S/NCB-01/081-82 | The Procurement of Transportation and Carrier Services | ३,०००/- | १,९४,०००/- | १२० दिन | २०८१/०६/२१ १२:०० बजे | २०८१/०६/२१ १४:०० बजे |

**निर्देशक**


## साउदीमा रोजगार

कम्पनी : MOHAMMED IBRAHIM AL-MESBAH CONTRACTING EST.

पूर्व स्वीकृति मिति: २०८१/०५/२० | LT. No. 310287 | चलानी नं. ६०२२४८६७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 2 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २८ गते (13th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रू. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sagarmatha International Employment Pvt. Ltd.**
K.B INTERNATIONAL EMPLOYMENT (P) LTD
Airport, Kathmandu, Nepal. Tel : 015916758/59, Mobile: 9851209638, 9851027865, 9823810701, E-mail:infokbintl@gmail.com Web:www.kbemployment.com



## युएईमा रोजगार

कम्पनी : AASA MIDDLE EAST CONTRACTING CO LLC

पूर्व स्वीकृति मिति : २०८१/०५/२० | LT. No. 310317 | चलानी नं. ६०२२४८६४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 200 | 0 | 900 | ३२,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २८ गते (13th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Mass Human Resource Pvt. Ltd.**
(ISO Certified Ethical Recruitment Company)
SAMAKHUSI, KTM, Nepal, TEL: 4983088, 4955765, 9828776444
Govt. License 938/067/068



## साउदीमा रोजगार

कम्पनी : SCHUR AL-ARBIA
शहर : Riyadh

पूर्व स्वीकृति मिति : २०८१/०५/२० | LT. No. 310302 | चलानी नं.६०२२४८५०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 2 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २८ गते (13th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Nasser Outsourcing Consultants Pvt. Ltd.**
Ratopool-9, Kathmandu, Nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950,
Email: nocnepal@nassers.org
श्रम ईजाजत नं. ६१९/०६३/०६४


## Invitation for Bids

## Sundarbazar Municipality
## Office of The Municipal Executive
### Sundarbazar, Lamjung
### Gandaki Province, Nepal

## Invitation for Bids

**Date of first publication: 6 September 2024**

1. Sundarbazar Municipality invites electronic bids from Nepalese eligible bidders for the Upgrading of Sundarbazar Satrasaya Duradanda Archaleni Turlungkot Purankot Bakharejajat road section under National Competitive Bidding – Single Stage Single Envelope procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Sundarbazar Municipality,Lamjung,Email:-sundarbazarmun@gmail.com,Telephone:-066- 402226 or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Electronic bids must be submitted to the office Sundarbazar Municipality,Lamjung through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 on 7 October 2024. Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 7 October 2024 13:00 at the office of Sundarbazar Municipality,Lamjung. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of as mentioned below which shall be valid for 30 days beyond the validity period of the bid.
5. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

| S. N. | Contract Identification No. | Description of Works | Estimated Amount NRs (With VAT& PS) | Bid Security Amount NRs and Validity | Bid Document Cost NRs |
|---|---|---|---|---|---|
| 1 | EGP/NCB /SM/W/R /081/082/05 | Upgrading of Sundarbazar Satrasaya Duradanda Archaleni Turlungkot Purankot Bakharejajat Road Section | 39,00,456.41/- | 1,00,000/- (120 days) | 3000 |

*Chief Administrative Officer*

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### सभ्यरूपमा मनाऔं तीज

आज हिन्दू नेपाली नारीहरूको पर्व– हरितालिका (तीज) । देश विदेशमा रहेका हिन्दू नारीहरूले निराहर व्रत बसी यो पर्व हर्षोल्लासका साथ मनाउँदै छन् । तीजको पहिलो दिन अर्थात् भाद्र शुक्ल द्वितीयाका दिन बिहीबार दर खाएपछि औपचारिकरूपमा सुरु भएको तीज पर्व ऋषि पञ्चमीसम्म मनाइन्छ । तृतीयाका दिन हरितालिका व्रत, चौथीका दिन, गणेश भगवान्को पूजा र पञ्चमीका दिन स्नान गरी अरुन्धतीसहित सप्तऋषिको पूजा गरी तीज समापन हुन्छ ।

निराहर व्रतको अघिल्लो दिन माइतीले चेलीबेटीलाई बोलाई दर खुवाउने परम्परा छ । दरका रूपमा विशेषगरी दूधबाट बनेका शुद्ध परिकार खाइन्छ । जसले व्रतका दिन आडिलो बनाउँछ । गहुँको रोटी र घिउ खाँदा व्रतालुका लागि अझ आडिलो हुने धर्मशास्त्रविद् प्रा.डा. रामचन्द्र गौतम बताउँछन् । विगत वर्षमा नेपालमा मात्र मनाइने तीज पर्व पछिल्लो समय भारतलगायत विश्वभर नै यो पर्व मनाउन थालिएको छ ।

धार्मिक कथनअनुसार सत्ययुगमा हिमालय पुत्री पार्वतीले गौरीघाटमा बसी तपस्या गरेर श्री महादेव पति पाउने वरदान पाएकी थिइन् । तर, पिता हिमालयले पार्वतीको इच्छाविपरीत विष्णुसँग विवाह गरिदिन खोजेपछि साथीहरूलाई आफ्नो समस्या सुनाएको वर्णन विभिन्न पुराणमा गरिएको छ । पार्वती समस्यामा परेको थाहा पाएपछि उनका साथीहरूले हरण गरेर लगी कसैले नदेख्ने ठाउँमा लुकाएर राखिदिए । साथीहरूले लुकाएकै ठाउँमा पार्वतीले नीराहार व्रत गरी महादेवलाई पतिका रूपमा प्राप्त गरेको विषय पुराणमा उल्लेख गरिएको छ । यसरी पार्वती साथीहरूद्वारा हरण भएको दिन भाद्र शुक्ल तृतीयाको दिन भएकाले त्यही समयदेखि हरितालिका (तीज) को व्रत लिने प्रचलन सुरु भएको धर्मशास्त्रीय मत रहेको छ ।

महिलाले वर्षदिनभर आफूलाई परेका दुःख, पीर, मर्कालाई पोख्ने पर्वका रूपमा तीजलाई उपयोग गर्ने गरेका छन् । तीजको अवसरमा गीतका माध्यमबाट यस्ता मर्कालाई महिलाले सार्वजनिक गर्दछन् । जन्मघरबाट कर्मघरमा गई बस्दा पाएका दुःख, पीर, मर्कालाई नारीले पोख्ने गरेका छन् । तर, पछिल्ला वर्षहरूमा तीजका नाममा उच्छृंखलता र तडकभडक बढेको गुनासो सुनिन थालेको छ । एक महिना अघिदेखि दर खाने, गरगहना एवं पोसाक प्रदर्शन गर्नेजस्ता गतिविधिले तीजको संस्कृतिलाई विकृतिका रूपमा लैजान खोजेको देखिन्छ । व्रत बस्ने शक्तिका लागि भाद्र शुक्ल तृतीयाको अघिल्लो दिन बेलुकी खाइने दर महिनौं अघिदेखि खानु र व्रतका नाममा खाइने खाद्यपदार्थमा तामसी चीज हुनुले पनि संस्कृतिलाई विकृतितिर लगेको जानकारहरू बताउँछन् ।

तीज पर्वको महत्त्व र यसको गरिमालाई बचाउन सबैले भूमिका खेल्नुपर्छ । अनावश्यक तडकभडकभन्दा पनि यसको महत्त्वलाई बुझेर विकृति नआउने गरी तीज मनाउनुपर्छ । परिवार र समाजमा सद्भाव बढाउन पनि विकृति न्यूनीकरण आजको आवश्यकता बनेको छ । साथै, निराहर व्रत बस्दा स्वास्थ्यमा आउनसक्ने समस्याप्रति सजग भएर तीज मनाउन आवश्यक छ । तीज पर्वका अवसरमा सबै नारीहरूमा सुख, सुस्वास्थ्य, दीर्घायु एवं समृद्धिको कामना !!

## मनन्योग्य

### चाणक्य नीति

विष्णुगुप्त पण्डित राधामोहनको पाठशालामा विद्या पढ्न थाले । उनको लगनशीलता, बुद्धि, चातुर्य केही दिनपछि अगाडि आउन लाग्यो । कुनै विद्यार्थीलाई धेरै घोके (रटे) पनि हेक्कै नहुने कुनै कुरा ती विष्णगुप्त सुनेर मात्र कण्ठस्थ (मुखाग्र) गर्दथे प्रत्येकका मुखबाट विष्णुगुप्तको प्रशंसा सुनिन थाल्यो ।

थोरै समयमा नै जिज्ञासु विष्णुगुप्तले गुरुका खुट्टा दबाउँदै तक्षशिला विश्वविद्यालयमा अध्ययन गर्ने आफ्नो इच्छा प्रकट गरे । यो कुरा सुन्दा पण्डित राधामोहन गद्गद् भए । उनले विष्णुगुप्तलाई अँगालो हालेर आँखाभरि आँसु पार्दै भने- 'बाबु ! तिमीले मेरो मनको बोली बोल्यौ, मेरो आफ्नो ठूलो इच्छा थियो कि यो विद्यालयको कुनै विद्यार्थी तक्षशिला गएर ज्ञान आर्जन गरोस् र यो विद्यालयको नाउँ उच्च पारोस् र मलाई तिम्रो प्रतिभामाथि, तिम्रो विलक्षण बुद्धिप्रति पूरा विश्वास छ, तिमी एक दिन यो विद्यालयलाई पनि महाविद्यालयको स्तर प्रदान गर्न सक्नेछौ । तिमी तक्षशिला विश्वविद्यालयमा हजारौं विद्यार्थी बीचमा स्वाती नक्षत्रझैं चम्कनेछौ । मेरो आशीर्वाद सधैं नै तिम्रो साथ छ ।

ईश्वर त अत्यन्तै दयालु छन्, उनैले त हजुरलाई मसम्म पठाए । चाणक्य अर्थात् विष्णुगुप्तका यस्ता कुरा सुनेर पण्डितजी केही हाँसे अनि भने- 'कुनै चिन्ता छैन, तिमी मसँग हिंड, म गाउँको एक पाठशालाको अध्यापक हुँ अनि म पनि एक्लै छु । ती पण्डितजी आफ्नो गाउँमा पुगे । दुई तीन दिनको सेवापछि विष्णुगुप्त स्वस्थ पनि भए । एक दिन विष्णुगुप्तले पण्डितजीसँग भने- 'हजुरले म अनाथलाई पितातुल्य स्नेह दिनुभयो, म हजुरको ऋणबाट कसरी मोक्ष पाउँला ! मेरा पिताजी धेरै पढाउने इच्छा गर्नुहुन्थ्यो । के हजुर मलाई शिक्षा दिनुहुन्छ !' 'किन हुँदैन बाबु ! शिक्षा दिनु नै हाम्रो धर्म हो । म जति योग्य छु, तिमीलाई पनि अवश्य योग्य बनाउछु', पण्डितजीले भने । क्रमशः

# पलेशाले बढाइन् देशको गौरव



■ डा. शोभाकर पराजुली

> पलेशाले पेरिसबाट ल्याएको त्यो पदक उनको मात्रै नभएर सिंगो राष्ट्रको इज्जत हो । खेल इतिहासमा देशको नाम लेखिएको एउटा गौरवको चिनो हो । क्षणिक रोमाञ्चकता अनि क्षणभरको प्रसिद्धिको नाममा खेलाडीलाई बधाई अनि पुरस्कार दिनेमात्रै होइन, खेल क्षेत्रको दिगो विकास र कम्तीमा एउटा खेलाडीले व्यावसायिकरुपमा खेलेर आफ्नो र परिवारको जीवन धान्नसक्ने वातावरण बनाउनका लागि हाम्रा राजनीतिक दल अनि राज्य सञ्चालकहरु अहिलेदेखि नै लाग्नुपर्छ ।

फ्रान्सको पेरिसमा रहेको ग्रान्ड प्यालेसमा पलेशा गोबर्द्धन रिङमा भिड्दै गर्दा नेपाली गोलार्द्धतिर मध्यरात भइसकेको थियो । गत शनिबार बिहानमात्रै संसारभरि छरिएका नेपालीमा एउटा हर्षको सञ्चार भयो- पलेशाले कास्य पदक जितिन् । नेपालको खेल इतिहास अझ भनौं ओलम्पिक इतिहासमा पलेशाले ल्याएको यो ऐतिहासिक पदक हो । यसअघि यस्ता खेलमा नेपाली खेलाडीले पदकहरू जित्न सकेका छैनन् ।

ओलम्पिक यात्रा सुरुआतको २० वर्षपछि पहिलोपटक पदक ल्याउने खेलाडी बनेकी छिन् पलेशा । अपांगता भएका खेलाडीलाई सहभागी गराउनका लागि सन् १९६० मा इटालीको रोमबाट सुरु भएको पारा ओलम्पिक यात्रालाई नेपालले सन् २००४ मा एथेन्स (ग्रीस)बाट पछ्याउन सुरु गरेको हो । त्यसको दुई दशकमा २१ वर्षीया पलेशाले ओलम्पिकमा नेपालको इतिहास रच्न सफल भइन् । पेरिसमा पलेशाले कास्य पदकका लागि भएको भीडन्तमा सर्बियाकी खेलाडी मारिजा मिकेभलाई १५-८ ले पराजित गर्दै नेपालका लागि कास्य पदक जितिन् । यो भनेको ५७ केजी तौल समूहका महिला खेलाडीको प्रतिस्पर्धा थियो ।

यसअघि पनि सन् २०१८ मा काठमाडौंमा भएको दोस्रो एउटा अन्तर्राष्ट्रिय तेक्वान्दो प्रतियोगितामा स्वर्ण पदक जितेकी थिइन् । त्यही वर्ष भियतनाममा भएको चौथो एसियाली पारा तेक्वान्दो च्याम्पियनसिपमा पनि उनले कास्य जितिन् । यो उनको अन्तर्राष्ट्रिय पदकको यात्रा थियो । त्यसको तीन वर्षपछि उनले बहराइनमा भएको एसियाली युथ पारा गेम्समा पनि स्वर्ण पदक जितेकी थिइन् । सन् २०१६ देखि पारा राष्ट्रिय टिममा जोडिएकी पलेशा सन् २०१७ मा दक्षिण कोरियामा भएको एसियाली पारा तेक्वान्दोमा पाँचौं स्थानमा थिइन् । गत वर्षको अन्तिमतिर चीनमा भएको एसियाली छनोट चरण जित्दै पलेशाले पेरिस पाराओलम्पिकको यात्रा तय गरिन् ।

दक्षिण एसियाली छनोट चरणमा अहिलेसम्म तीन जनामात्रै नेपाली खेलाडी ओलम्पिक खेलेका छन् । त्यसअघि सन् २००४ मा ग्रिस ओलम्पिकका लागि संगीना वैद्य र सन् २०१० मा दीपक विष्टले त्यो चरण पार गर्न सकेका थिए । वाइल्ड कार्डमार्फत सन् २०२० मा पनि पारालिम्पिक खेलेकी पलेशा त्यो पनि पदक नजिकै पुगेकी थिइन् । तर, त्यसपछिको अथक मिहेनत र कडा परिश्रमले उनलाई यसपालि कास्य पदक दिलायो ।

काठमाडौं बागबजारकी पलेशा जन्मिँदै अपांगता भएकी खेलाडी हुन् । उनको बाँया हात पूर्ण छैन । १० वर्षको उमेरदेखि नै तेक्वान्दो खेल्न थालेकी उनले २१ वर्षकै उमेरमा देशका लागि खेल इतिहासमा नयाँ पाना थपेकी छिन् । यतिबेला सिंगो नेपाल हर्ष र खुसीले दंग छ । संसारभरि छरिएका सारा नेपाली मख्ख छन् । संसारभरिबाट उनलाई अहिले बधाईको ओइरो आइरहेको छ । पुरस्कारका घोषणा भइरहेका छन् । देशका ऐतिहासिक पदक लिएर फर्किएकी पलेशालाई बुधबार विमानस्थलमै भव्य स्वागत भयो । उनका शुभेच्छुकहरूले खुसीयाली साट्दै नगर परिक्रमासमेत गराए । राष्ट्रिय खेलकुद विकास नियमावलीअनुसार उनले सरकारका तर्फबाट ६५ लाख रूपैयाँ पुरस्कारसमेत पाउने छिन् ।

राष्ट्रपति, प्रधानमन्त्रीलगायत देशका सबै राजनीतिक दल तथा आमनागरिकलेसमेत उनलाई बधाई र आगामी यात्राका लागि शुभकामनासमेत दिइरहेका छन् । त्यो भव्य स्वागत र सम्मानपछि पलेशाले भनेकी थिइन्- 'अब गर्वका साथ हामीले भन्न पाउनेछौं, हामीसँग पनि पदक छ' । यो पदकलाई उनले आफूभित्रको दरिलो साहस र बलियो आत्मविश्वासको परिणाम भनेकी छिन् र यो पदक उनले राष्ट्र अनि सारा नेपालीका लागि समर्पण पनि गरेकी छिन् । पलेशाले ल्याएको यो पदकमात्रै उनले आफूमा त्यो सफलतालाई सीमित गरेकी छैनन् । बरु राष्ट्र अनि आमनागरिकका लागि त्यो पदकलाई समर्पण गरेकी छिन् । यो भनेको एउटा खेलाडीमा भएको राष्ट्रप्रेम पनि हो । एउटा खेलाडी आफ्नो ज्यानको बाजी लगाएर मात्रै आफ्ना लागि खेल्दैन । ऊ राष्ट्रको नाममा खेलिरहेको हुन्छ । आफ्नो सारा सपना र चाहनाहरूलाई खेलमै समर्पित गरेर उसले राष्ट्रको ध्वजा अन्तर्राष्ट्रिय मञ्चमा फहराइरहेको हुन्छ । राष्ट्रलाई सारा संसारमाझ चिनाइरहेको हुन्छ ।

'स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेल' भन्ने स्थापित मान्यतालाई हेर्ने हो हरेक खेलमा युवा जमात जोडिएको हुन्छ । जो वर्तमानको भरोसा अनि भविष्यको आशा पनि हो । खेलकुद जति राष्ट्रका लागि गौरव हो मानव स्वास्थ्यका लागि उत्तिकै आवश्यक पनि हो । तर, हाम्रो राज्य खेल अनि खेलाडीप्रति उति सारो उदार छैन । हरेक क्षेत्रमा घुसिसकेको राजनीतिले खेल क्षेत्रलाई अस्तव्यस्त मात्रै पारेको छैन, बरु अन्तर्राष्ट्रियरूपमा देशको छवि पनि धमिल्याइरहेको छ । नेपालमा सयौं खेलका विधा छन् । हजारौं खेलाडी छन् । तर, राष्ट्रिय अनि अन्तर्राष्ट्रियरूपमा देशलाई चिनाउने खेलाडीहरूको अवस्थाबारे हाम्रो राज्य अनि यसका सञ्चालकहरू कहिल्यै गम्भीर भएको देखिन्न । खेल अनि खेलाडीहरू राष्ट्रका प्रतीक पनि हुन्छन् । कतिपय खेल राष्ट्रिय गौरव पनि हुन्छन् । खेल अनि खेलाडीका लागि राज्यले उत्तिकै लगानी पनि गरिरहेको हुन्छ । तर, हाम्रो देशको विडम्बना नै भनौं सारा जीवन खेलका लागि समर्पण गरेका खेलाडीलाई साँझबिहान छाक टार्नै मुस्किल हुन्छ ।

अरूजस्तै एउटा खेलाडीको पनि आफ्नो जीवन हुन्छ । परिवार हुन्छ । उसका पनि परिवार अनि समाजप्रति जिम्मेदारी हुन्छन् । तर, खेलमात्रै खेलेर हाम्रा खेलाडीले आफ्नो जीवन बिताउनसक्ने स्थिति छैन । आफू अनि परिवारका लागि उनीहरूले खेलमार्फत आर्थिक जोहो गर्ने अवस्था नै छैन । नेपाली खेलाडीको स्तर अरू देशका खेलाडीको तुलनामा कत्ति पनि कम छैन । नेपाली खेलकुद क्षेत्र अन्तर्राष्ट्रिय क्षेत्रमा पनि चिनिएको छ । तर, राज्यले महत्त्व नदिँदा सारा खेलक्षेत्र राष्ट्रभित्रै लथालिंग अवस्थामा छन् । पलेशाले पनि कयौं चुनौती पार गर्दै ओलम्पिकसम्म पुगेर राष्ट्रका लागि पदक जितेर फर्किएकी छिन् । आर्थिक अभावदेखि अरू खेलाडीलेजस्तै उनले पनि खेल अभ्यासका लागि कठीन संघर्ष गर्नुपर्‍यो । हाम्रा कतिपय खेलका लागि गतिला रंगशाला छैनन् । चरिचरण डाँडाजस्ता मैदानमा खेलेर केही समयअघि मात्रै नेपाल क्रिकेटको विश्वकपसम्म पुग्न सक्यो ।

न यहाँ एउटा गतिलो रंगशाला छ अनि कुनै मैदान अनि न कुनै अभ्यास गर्ने स्तरीय कभर्ड हल । पलेशाजस्ता कयौं त्यस्ता खेलाडी छन्, जसले ऋण धन काढेर अनि आफ्नै बलबुतामा खेलअभ्यास गर्दै अन्तर्राष्ट्रिय मञ्चमा नेपाललाई चिनाइरहेका छन् । त्यसकै परिणाम हो, राष्ट्रिय अनि अन्तर्राष्ट्रियरूपमै चिनिएका विभिन्न विधानका हाम्रा खेलाडी अहिले जीवन धान्नका लागि धामाधम विदेश पलायन भइसकेका छन् । हाम्रा नेताहरूले खेल र खेलाडीको विकास अनि उनीहरूको स्तरीय जीवनका लागि चुनावी घोषणा त गरिदिन्छन् तर नीति निर्णय गर्ने ठाउँमा पुगिसक्दा उनीहरूले नै खेल क्षेत्र भुलिसकेका हुन्छन् । खेल क्षेत्र हाम्रो राज्यको प्राथमिकतामा कहिल्यै पर्न सकेको छैन । यो यथार्थतालाई हाम्रा नीति निर्माताले हेक्का गर्नैपर्छ र आत्मसमीक्षा अनि आगामी रणनीतिका बारेमा सोच्नैपर्छ ।

पलेशाले पेरिसबाट ल्याएको त्यो पदक उनको मात्रै नभएर सिंगो राष्ट्रको इज्जत हो । खेल इतिहासमा देशको नाम लेखिएको एउटा गौरवको चिनो हो । क्षणिक रोमाञ्चकता अनि क्षणभरको प्रसिद्धिको नाममा खेलाडीलाई बधाई अनि पुरस्कार दिनेमात्रै होइन, खेल क्षेत्रको दिगो विकास र कम्तीमा एउटा खेलाडीले व्यावसायिकरूपमा खेलेर आफ्नो र परिवारको जीवन धान्नसक्ने वातावरण बनाउनका लागि हाम्रा राजनीतिक दल अनि राज्य सञ्चालकहरू अहिलेदेखि नै लाग्नुपर्छ । जे होस्, देश अनि सारा नेपालीको गौरवलाई संसारभरि फिजाइन् खेलाडी पलेशाले । यो सफलताको पर्दापछिका नायक प्रशिक्षक कविराज नेगी लामा जसले नेपालका लागि दर्जन अन्तर्राष्ट्रिय पदक दिलाइसकेका छन्, अनि उनको सिंगो टिमलाई हार्दिक बधाई अनि आगामी यात्रा सफलाताका लागि शुभकामना । *रासस*

# नेपाली चेलीलाई बधाई



■ पार्क शेयङ

सेप्टेम्बर ४ तारिखलाई गणतन्तन्त्र कोरियाले एक विशेष दिनका रूपमा लिने गरेको छ । यस दिन तेक्वान्दो खेलले ओलम्पिक खेलका रूपमा आधिकारिकता पाएको दिनको सम्झनामा तेक्वान्दो दिवसका रूपमा मनाइन्छ । एक साताअघि अगस्ट ३० तारिखलाई नेपालको एक विशेष ऐतिहासिक दिनका रूपमा लिन सकिन्छ । नेपालले ओलम्पिक खेल तथा पारा ओलम्पिक खेलकुदमा सहभागिता जनाउँदै आएकामा पहिलोपटक पदक जितेको दिनलाई इतिहासको पानामा लेखिने छ भन्ने लाग्छ ।

नेपाली चेली पलेशा गोवर्द्धनले तेक्वान्दो खेलमा हासिल गरेको यो ऐतिहासिक र बहुमूल्य उपलब्धिले विश्व समुदायमा नेपालको छवि उच्च बनाएको छ । यही जुलाई महिनाको २३ तारिखको दिन नेपालस्थित गणतन्त्र कोरियाली दूतावासमा नेपाल तेक्वान्दो संघका अध्यक्षलगायतका पदाधिकारीसहित पलेशासँग भेट्ने अवसर मिलेको थियो । १० वर्षको उमेरमा तेक्वान्दो खेल्न थालेकी यी खेलाडी विश्वस्तरीय खेलाडीका रूपमा धेरै प्रतियोगितामा सक्रिय सहभागिता जनाएको जानकारी मलाई रहेको छ । वार्तालापका क्रममा मैले पलेशालाई एक शान्त, निर्भीक तथा आत्मविश्वासी महिला तेक्वान्दो खेलाडीका रूपमा लिएको थिएँ ।

पेरिस पारा ओलम्पिक खेलकुदमा पलेशालगायत दुई तेक्वान्दो खेलाडीलाई पेरिसबाट नेपाली जनतालाई सुखद समाचार दिलाउनका लागि तथा आफ्नो कुशल क्षमता प्रदर्शन गर्न हौसला प्रदान गरेको थिएँ । आज नेपालका तर्फबाट फरक क्षमता भएकी महिला खेलाडीका तर्फबाट नेपालको शिर उच्च राख्न सफल भएको क्षणलाई ओलम्पिक इतिहासले अवश्य न्याय गर्ने छ भन्ने लागेको छ । मलाई यत्ति धेरै खुसी मिलेको छ भने सम्पूर्ण नेपाली जनतालाई झनै खुसी दिलाएको छ भन्ने लाग्छ । बधाई छ खेलाडी पलेशा गोवर्द्धनलाई, अनि प्रशिक्षक कविराज नेगी लामा, तेक्वान्दो संघ तथा सम्पूर्ण नेपाली दाजुभाइ दिदी बहिनीहरूलाई ।

नेपाल तेक्वान्दो संघका अनुसार नेपालमा तेक्वान्दो खेल खेल्नका लागि आधिकारिकरूपमा दर्ता भएका खेलाडीको संख्या झण्डै एक लाख ५० हजार रहेको छ । तीमध्ये महिला खेलाडीको संख्या २० प्रतिशत हाराहारी रहेको अनुमान गरिएको छ । नेपालमा तेक्वान्दो खेल्नेको संख्या बढ्दै गएर यस खेलको माध्यमबाट शारीरिक तथा मानसिकरूपमा तन्दुरुस्त बनाउने विश्वासका साथ खेल धेरै व्यक्तिले मन पराएका छन् । सन् १९८८ मा दक्षिण कोरियाको सउलमा भएको ओलम्पिकमा नेपालका तेक्वान्दो खेलाडी विधान लामाले तेक्वान्दो प्रदर्शनी खेलमा कास्य पदक जितेका थिए, जुन विषय आजका दिनमा पनि सुखद क्षणका रूपमा लिइन्छ । नेपालमा तेक्वान्दो खेलको सुरुआत प्रहरी-सेना तथा अन्य सुरक्षा निकायमा शारीरिक प्रशिक्षणको माध्यमबाट भएको जानकारी रहेको छ । तर, आज यस खेलको महत्त्व आमजनतामाझ प्रचार भएको छ ।

सन् १९८३ मा औपचारिकरूपमा नेपाल तेक्वान्दो संघको स्थापनापश्चात् खेलको विकासमा उल्लेख्य भूमिका खेलेको देखिन्छ । नेपालस्थित गणतन्त्र कोरियाली दूतावासले तेक्वान्दो खेलको प्रवर्द्धनका लागि हरेक दुई वर्षमा एम्बेसडर कप तेक्वान्दो प्रतियोगिता आयोजना गर्दै आएको छ । गत सेप्टेम्बरमा करिब एक हजार ८०० तेक्वान्दो खेलाडीको सहभागितामा एम्बेसडर कप तेक्वान्दो प्रतियोगिता सम्पन्न भएको थियो । मलाई त्यस क्षणमा साना नानीबाबुहरू तथा युवाहरूको तेक्वान्दोप्रतिको उत्साह तथा प्रेम देखेर हर्षित भएको क्षण सबैसामु साट्ने अवसर मिल्दा खुसी छु । नेपालमा तेक्वान्दो खेल प्रशिक्षकको भूमिकामा एक कोरियाली प्रशिक्षक ख्वन यङदाल सन् १९९८ देखि राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, महाराजगञ्जमा तेक्वान्दो प्रशिक्षकको भूमिकामा रहेका छन् ।

तेक्वान्दो खेलको लामो पृष्ठभूमि रहेको छ । कोरियाली युद्धपश्चात् परम्परागत कोरियाली मार्सल आर्टलाई जोडेर तेक्वान्दोलाई व्यवस्थितरूपमा अभ्यास गर्न थालियो । तेक्वान्दो खेलको प्रकृति युद्धकलासँग पनि जोडिएको हुँदा, प्रशिक्षणको आधारभूत उद्देश्य आफैंलाई सुरक्षित राख्नु रहेको छ । अन्तिम लक्ष्य थप गहन प्रशिक्षणमार्फत आफ्नो पूर्णक्षमतालाई कलात्मकरूपमा प्रदर्शन गर्नु हो । तेक्वान्दो प्रशिक्षण प्रक्रिया बारम्बार अभ्यासमार्फत शरीर र दिमाग परिवर्तन गर्ने प्रक्रिया पनि हो र कालान्तरमा र यस खेलको माध्यमबाट विश्वसामु खेलाडी तथा देशको परिचय गराउनु नै हो भन्ने लाग्छ । तेक्वान्दोको भावनामा 'आफूमाथि विजय गरी विश्वलाई सकारात्मक सन्देश फैलाउँ' भन्ने मान्यता समावेश छन् ।

तेक्वान्दोका यी मूल्य-मान्यता तथा गुणहरू तेक्वान्दो प्रशिक्षण प्रक्रियामा प्रतिविम्बित हुन्छन्, जस्तै कि प्रशिक्षण प्रक्रियाको समापनपश्चात् खेलाडीले एक अर्कालाई अभिवादन गर्ने, प्रशिक्षकलाई खेल सुरु हुनु अगाडि र समापनपश्चात् गर्ने शिष्टाचार आदि कोरियाली परिवारमा विगतदेखि रहँदै आएको आपसी सम्मान र सद्भावको प्रतीकका रूपमा रहेको छ । कोरियाली आमाबाबुले पनि आफ्ना छोराछोरीलाई तेक्वान्दो खेल्नका लागि प्रोत्साहन दिनाका कारणका रूपमा शारीरिक, मानसिकरूपमा तन्दुरुस्त बनाउनु, निडरपनको विकास गर्नु, शिष्टता, सद्भाव, स्वयंसेवाको भावनालगायतको विकास गर्नु पनि रहेको छ । भनेको नमान्ने बच्चाहरू पनि तेक्वान्दो प्रशिक्षणपश्चात् अनुशासित भएको बारेमा धेरै सुनिन्छ । तेक्वान्दो खेललाई दुई तरिकामा तालिम दिइन्छ । पहिलो पुम्सेः जसमा आधार भूत चालहरू समावेश हुन्छन् र अर्को ख्यरुगी रहेको छः जुन तेक्वान्दो अभ्यासकर्ताहरूबीचको प्रतिस्पर्धात्मकरूपमा खेल्नका लागि खेलाडीलाई तयार गरिन्छ ।

यस वर्ष नेपाल र कोरियाबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ५०औं वार्षिकोत्सवको उपलक्ष्यमा कोरियाली तेक्वान्दो प्रतिनिधिमण्डलले नेपाली तेक्वान्दो खेलाडीसँग सीप तथा भावना आदानप्रदान गर्न तथा प्रदर्शनात्मक कार्यक्रममा सहभागी हुनका लागि यही अक्टोबरको मध्यमा नेपाल आउने योजना बनाएको छ । कूटनीतिक सम्बन्ध स्थापनाको ५०औं वर्षगाँठको उपलक्षमा तेक्वान्दो खेलबाट ओलम्पिकमा नेपाललाई पहिलो ऐतिहासिक पदक प्राप्त भएकामा म अत्यन्त खुसी हुँदै यस सुखद क्षण सम्पूर्ण नेपालीहरूसँग बाँड्न चाहन्छु । कोरियाली संस्कृतिको महत्त्वपूर्ण हिस्सा बनेको तेक्वान्दोलाई नेपालमा थप फैलाउन तथा यस खेलको माध्यमबाट विश्वसामु नेपालको उपस्थिति थप मजबुत गराउनका लागि गणतन्त्र कोरिया सरकारले सहकार्य जारी राख्ने योजना बनाएको छ ।

पेरिसबाट पलेशाको ऐतिहासिक पदक प्राप्तिको खबरले नेपाली जनतामा आशा जगाएको छ । त्यसैगरी गर्न सकिन्छ भन्ने भावनाले स्थान पाएको छ । म पलेशालाई प्रशिक्षणका क्रममा उनको मिहेनत-परिश्रम, उनले बगाएको पसिना र पेरिसमा पदक प्राप्त गर्ने दृढ विश्वास, धैर्यता, साहस, आफूलाई जित्नुपरेको मानसिक शक्तिप्रति मेरो आत्मादेखि सम्मान व्यक्त गर्दछु । नेपाल सरकार खेलकुद मन्त्रालय तथा सम्बन्धित विभागको समन्वयमा नेपाली खेलाडीहरूले अन्तर्राष्ट्रिय प्रतियोगितामा धेरै सफलता हासिल गर्दै जाने छन् भन्ने विश्वास लिएको छु । नेपालका हरेक क्षेत्रमा पलेशाजस्ता व्यक्तिहरू हुनुहुन्छ, उहाँहरू सबैको प्रयासले विश्वसामु नेपालको छवि उच्च गर्नका लागि भूमिका खेल्ने छ भन्ने लागेको छ । कोरिया सरकारले पनि नेपालको खेलकुदलगायत विभिन्न क्षेत्रको विकासमा हातेमालो गर्दै जाने छ ।

*(नेपालका लागि गणतन्त्र कोरियाली राजदूत पार्कसँग राससले गरेको कुराकानीमा आधारित*

# उद्घाटनको भोलिपल्टै सुनसान बन्यो बागलुङ बसपार्क



**बलेवा (बागलुङ)–** भव्य कार्यक्रमकाबीच उद्घाटन भएको बागलुङ बसपार्क २४ घण्टा नबित्दै सुनसान भएको छ । बाटोको दूरावस्था र सवारीसाधनको सुरक्षा चुनौती देखाउँदै व्यवसायीले सवारीसाधन बसपार्कमा लैजान आनाकानी गर्दा समस्या देखिएको हो । गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्र पाण्डेले गत मंगलबार चालक र सहचालकलाई टीका लगाएर बसपार्कको शुभारम्भ गरेका थिए ।

बागलुङ नगरपालिका-४ दावगह्मा २३ वर्षपछि आधुनिक बागलुङ बसपार्क सञ्चालनमा आएको थियो । व्यवसायी विष्णुराज पन्तले असुरक्षाका कारण व्यवसायीले बसपार्कमा बस राख्न नसकेको बताए । 'बस ठोकिन्छ, कसरी त्यहाँ बस जान्छ र खै ?,' उनले आश्चर्य व्यक्त गर्दै भने, 'नगरले सुरक्षा दिनुपर्‍यो नि, अनिमात्र ठूला सवारी गन्तव्यमा पुग्छन् ।'

बसपार्क सञ्चालनमा ल्याएको नगरले भने व्यवसायीसँग सम्झौताको काम बाँकी रहेकाले केही दिन लाग्ने जनाएको छ । 'व्यवसायीसँग सम्झौता भएको छैन, हामी छलफलमै छौं, एक-दुई दिनमा काम टुंगो लाग्छ,' नगरप्रमुख वसन्तकुमार श्रेष्ठले भने, 'एक दिन नचल्दैमा बसपार्क बन्द भयो भन्न मिल्दैन ।' उनले बसपार्कलाई दिगो बनाउनका लागि यातायात व्यवसायीसँग लिखितरूपमा सम्झौता गरेर अघि बढ्ने योजना सुनाए ।

निर्माण प्रक्रिया सुरुआत गरेको २३ वर्षपछि बागलुङ बसपार्क सञ्चालनमा ल्याइएको थियो । बसपार्क निर्माणका लागि नगर विकास कोषबाट आठ करोड ७० लाख रूपैयाँ ऋण लिइएको थियो । बसपार्कमा ८० ठूला बस, १० माइक्रोबस एकैसाथ राख्न सकिन्छ । *रासस*

# घरबाटै वर्गीकरण गरी फोहोर उठाउँदै व्यास नगरपालिका



**तनहुँ (प्रस)–** व्यास नगरपालिकाले घरबाटै फोहोर वर्गीकरण गरी संकलन गर्न थालेको छ । फोहोरमैला व्यवस्थापनको चुनौती खेप्दै आइरहेको यस नगरपालिकामा स्थापनाको ३२ वर्षसम्म स्थायी फोहोरमैला व्यवस्थापन केन्द्रसमेत छैन । पछिल्लो समय नगरपालिकाले घरबाटै वर्गीकरण गरी फोहोर संकलन गर्न थालेको जनाएको छ ।

कुहिने र नकुहिने फोहोरलाई छुट्टाछुट्टै वर्गीकरण गरी संकलन गर्ने काम भइरहेको नगरप्रमुख वैकुण्ठ न्यौपानेले जानकारी दिए । 'एकैठाउँमा सबै फोहोर संकलन गर्दा समस्या हुने भएकाले घरबाटै वर्गीकरण गरेर संकलन भइरहेको छ,' उनले भने, 'यसले गर्दा केही हदसम्म फोहोर व्यवस्थापनमा सहयोग पुग्ने छ ।'

फोहोरमैला व्यवस्थापनका लागि सामना गर्नुपरेका समस्या समाधानमा सहयोगका लागि नगरपालिकाले छ महिनाअघि सरसफाइविज्ञका रूपमा कृष्ण भण्डारीलाई नियुक्त गरेको छ । भण्डारीकै सल्लाहबमोजिम कुहिने र नकुहिने फोहोर वर्गीकरण गरी व्यवस्थापनको काम अगाडि बढेको हो । नगरप्रमुख न्यौपानेले भने, ' उहाँले धनगढी, वालिङलगायतका क्षेत्रमा सफलतापूर्वक फोहोर व्यवस्थापनलगायतका काम उदाहरणीयरूपमा सम्पन्न गरिसक्नुभएको छ । उहाँको सो अनुभवका आधारमा यहाँ पनि व्यवस्थापनको काम अगाडि बढेको छ । नकुहिने फोहोरभित्र पनि विभिन्न सिसा, प्लास्टिक, कागजजस्ता चिजहरू छुट्टाएर त्यसलाई मेसिनले कम्प्रेस गरेर केही आम्दानीसमेत गरिरहेका छौं ।'

सरसफाइविज्ञ भण्डारीले नगरभित्रका प्रत्येक टोल, वडा, विद्यालयमा पुगेर फोहोर वर्गीकरणका उपाय सिकाउने काम गरिरहेका छन् । नगरपालिकाले कार्यालय परिसरभित्र नकुहिने फोहोरमध्येबाट कागज, सिसा, प्लास्टिकजन्य फोहोर छुटयाएर आम्दानी गर्न थालेको नगरप्रमुख न्यौपानेको भनाइ छ । फोहोरमैला व्यवस्थापनको दीर्घकालीन समाधानका लागि वडा नं १३ मा जग्गा खरिदको प्रक्रियासमेत अगाडि बढिसकेको नगरपालिकाले जनाएको छ ।

३२ वर्षसम्म पनि फोहोरमैला व्यवस्थापनको स्थायी समाधान गर्न नसकिएकाले अब दीर्घकालीन योजनासहित समस्या समाधानको पहल भइरहेको नगरप्रमुख न्यौपानेले बताए । 'विगतको मेरो कार्यकालमा पनि प्रयत्न गर्दा गर्दै समस्या आयो । अहिले जग्गा खरिद प्रक्रिया अगाडि बढिसकेको छ । त्यसपछि थप समस्या समाधानका लागि सहज हुने छ,' उनले भने ।

नगरपालिकाले कुहिने फोहोरलाई भने दुम्सीस्थित गौसंरक्षण केन्द्रमा व्यवस्थापन गरी त्यहाँबाट बायोग्यास उत्पादन गर्ने कामसमेत गरिरहेको छ । बजार क्षेत्रका वडा नं २, ३ र ४ बाट दैनिकरूपमा फोहोर संकलन हुँदै आएको छ । बजार क्षेत्रबाट दैनिक ११ टन फोहोर संकलन हुने गरेको जनाइएको छ ।

# अनुदान रोकिँदा मेलम्ची बाढीपीडितलाई समस्या

**सिन्धुपाल्चोक–** यहाँका मनसुनजन्य विपद् प्रभावित तथा बाढीपीडितले विगत तीन महिनायता अनुदानबापतको रकम पाउन सकेका छैनन् । लाभग्राहीले घर निर्माण गरेबापत अघिल्लो आर्थिक वर्षमा पाउनुपर्ने रकमसमेत नपाउँदा समस्या भएको गुनासो छ ।

आवास निर्माण सुरु गरे पनि अनुदानबापतको किस्ता रकम भुक्तानी हुन नसक्दा मनसुनको समयमा थप समस्या भएको पाँचपोखरी थाङपाल गाउँपालिकाका अध्यक्ष टासी लामाको भनाइ छ । 'कतिपयले ऋण लिएर आवास पुनर्निर्माण गरेका छन्, सरकारले दिने अनुदान रकमबाट ऋण तिर्ने आसमा बसेका लाभग्राहीको अनुदान रकम निकासा नहुँदा समस्यामा भएको गुनासो दिनहुँजसो आउने गरेका छन्,' उनले भने, 'विगत तीन महिनादेखि अनुदान प्राप्त गर्न नसकी विपद् प्रभावित लाभग्राहीको मर्कामा परेका छन् । घर निर्माण नहुँदा प्रभावितहरू जोखिम भएकै स्थानमा बस्न बाध्य छन् । नेपाल सरकार तथा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले यस विषयलाई गम्भीरतापूर्वक लिएर निकास दिनुपर्छ ।'

जिल्ला प्रशासन कार्यालयका विपद् सम्पर्क व्यक्ति रविराज धितालले २०७७ मा निर्माण भएको कार्यविधिमा सुधार गरी एकीकृत कार्यविधि निर्माण गर्न थालिएको र सो काम नसकिएकाले भुक्तानीमा समस्या भएको बताए । पश्चिम नेपालका भूकम्पपीडितलाई समावेश गरेर नयाँ एकीकृत कार्यविधि निर्माण गर्ने र सोहीअनुसार आवास निर्माण गरी अनुदान रकम

> २०७७ सालमा प्राधिकरणबाट कार्यविधि जारी भएलगतै सिन्धुपाल्चोकका धेरै स्थानका मनसुनजन्य विपद् प्रभावितलाई कार्यविधिबमोजिम लाभग्राही कायम गर्ने काम सुरु भएको थियो । तथ्यांकअनुसार यहाँ एक हजार ८९३ जना लाभग्राही छन् । तीमध्ये एक हजार ४९ जनाले अनुदान सम्झौता गरी आवास पुनर्निर्माणको काम सुरुआत गरेका छन् ।

उपलब्ध गराउने भन्दै प्राधिकरणबाट नै भुक्तानी रोकिएको उनले बताए । कार्यविधिको टुंगो लाग्नेबित्तिकै समस्या समाधान हुने धितालको भनाइ छ ।

प्राधिकरणले २०७७ मा बनाएको मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनःस्थापना कार्यविधिबमोजिम कायम भएका लाभग्राहीको तथ्यांकअनुसार यहाँ एक हजार ८९३ परिवार मनसुनजन्य विपद्बाट प्रभावित छन् । त्यसअधिका मनसुनजन्य विपद्पीडितको यकीन तथ्यांक भने छैन । वि.सं. २०७७ मा निर्माण गरिएको कार्यविधिबमोजिम २०७७ जेठ पछाडि घटेका विपद्जन्य घटनाबाट प्रभावितका आवास पुनर्निर्माण तथा पुनःस्थापनाका लागि हिमाली जिल्लामा पाँच लाख रूपैयाँ, पहाडी जिल्लामा चार लाख र तराईका जिल्लामा तीन लाख रूपैयाँ उपलब्ध गराउने व्यवस्था भए पनि पीडितले हालसम्म सो रकम पाउन सकेका छैनन् । सिन्धुपाल्चोक हिमाली जिल्लाभित्र पर्दछ । यसरी दिइने रकममा संघीय सरकारबाट नगरपालिकाको हकमा ५५ र गाउँपालिकाको हकमा ६० प्रतिशत, प्रदेशले ३० प्रतिशत र गाउँपालिकाबाट १० र नगरपालिकाबाट १५ प्रतिशत बेहोर्ने गरी कार्यविधिमा उल्लेख छ ।

मेलम्ची नगरपालिकाका प्रमुख आइतमान तामाङले स्थानीय तहले बाढीप्रभावितको विवरण जिल्ला विपद् व्यवस्थापन समितिमा आवश्यक निर्णयका लागि पठाए पनि कार्यविधिका कारण पीडितको अनुदान रकम भुक्तानी नआएको जानकारी दिइएको बताए । उनले जिल्ला प्रशासन कार्यालयमार्फत प्राधिकरणसँग समस्या समाधानका लागि पहल भइरहेको जानकारी दिए ।

२०७८ असार १ गतेको बाढी र त्यसपछि मेलम्ची तथा इन्द्रावती नदीमा आएको बाढीले घर बगाएको तीन वर्ष बितिसक्दा पनि पुनर्निर्माणका लागि रकम नपाउँदा समस्या भएको बाढीपीडित मेलम्ची ११ का हरिशरण श्रेष्ठको गुनासो छ । 'किस्ताबन्दीमा रकम दिने कुरा थियो तर नियमित भुक्तानी नहुँदा ऋण गरेर आवास निर्माण गरेका धेरै पीडित समस्यामा छौं,' उनले भने । मेलम्ची नगरपालिका-११ फट्टेकी अस्मिता दनुवारको पनि सोही असार १६ गतेको बाढीले घर बगाएको थियो । भूकम्पपश्चात् ऋण गरेर बनाएको घर ऋण तिरेर नसक्दै बाढीले बढाएपछि उनको परिवार टहरामा बस्न बाध्य छ । घर निर्माणको प्रक्रिया थाले पनि समयमै किस्ता नआउँदा लघुवित्तबाट लिएको ऋणको ब्याज तिर्दै हैरान भएको अस्मिताको गुनासो छ ।

कार्यविधिबमोजिम कायम भएका लाभग्राहीको हालसम्म पनि पूर्णरूपमा आवास पुनर्निर्माण भइसकेका छैनन् । सुरक्षित आवास बनाउन जग्गा नभएका लाभग्राहीलाई जग्गा खरिदबापत लिखतको आधारमा थप तीन लाख रूपैयाँसम्म उपलब्ध गराउनेसमेत कार्यविधिमा उल्लेख छ । तर, जग्गा खरिदका लागि आउने तीन लाख रूपैयाँ र घर बनाउन आउने पाँच लाख रूपैयाँले नयाँ ठाउँमा घर बनाउन गाह्रो भएको र सोही रकम पनि समयमा नपाउँदा थप समस्या झेल्नुपरेको मेलम्चीका टासी शेर्पाको गुनासो छ ।

२०७७ सालमा प्राधिकरणबाट कार्यविधि जारी भएलगत्तै सिन्धुपाल्चोकका धेरै स्थानका मनसुनजन्य विपद् प्रभावितलाई कार्यविधिबमोजिम लाभग्राही कायम गर्ने काम सुरु भएको थियो । तथ्यांकअनुसार यहाँ एक हजार ८९३ जना लाभग्राही छन् । तीमध्ये एक हजार ४९ जनाले अनुदान सम्झौता गरी आवास पुनर्निर्माणको काम सुरुआत गरेका छन् । त्यसमध्ये ५०० जनाले डिपिसी तहसम्म पूरा गरिसकेका छन् भने २३० जनाले पुनर्निर्माण सकेका छन् तर रकम भुक्तानी भने हुन सकेको छैन । हालसम्म पहिलो किस्ताबापतको ५० हजार रूपैयाँ एक हजार ४९ जनालाई, दोस्रो किस्ता ४०६ र तेस्रो किस्ता १०६ जनालाई उपलब्ध गराइएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । *रासस*


## कतारमा रोजगार

कम्पनी : EASTERN GATE TRADING & MARKETING WLL
शहर : Doha

पूर्व स्वीकृति मिति: २०८१/०२/२२ | पुन विज्ञापन स्वीकृति मिति: २०८१/०५/२० | LT. No. 305758 | चलानी नं. ६०२२०५०८

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier (Male) | 2 | 0 | 1300 | ४७,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labor | 2 | 0 | 1000 | ३६,२७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २८ गते (13th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ९५४/०६७/६८
VARSHA MANPOWER PVT. LTD.
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

## कुवेतमा रोजगार

कम्पनी : DIYAR PUBLIC FACILITIES MANAGEMENTS CO.

पूर्व स्वीकृति मिति: २०८०/०४/२९ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०५/२० | LT. No.290808 | चलानी नं. ६०२०६२५२

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Body Guard | 20 | 0 | 140 | ६१,५७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 37 | 18 | 90 | ३९,५८५ | | | | | | | |
| 3 | DRIVER LIGHT GCC | 2 | 0 | 140 | ६१,५७५ | | | | | | | |
| 4 | Security Guard | 30 | 0 | 130 | ५७,१७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २५ गते (10th Sep. 2024) मा हुनेछ ।
कास्की, बाजेको सेकुवा, नागढुंगा, पोखरामा मिति: २०८१ भदौ २६ गते (11th Sep. 2024) मा हुनेछ ।
झापा, बिर्तामोड, सिपि होटलमा मिति: २०८१ भदौ २८ गते (13th Sep. 2024) मा हुनेछ ।
कपिलबस्तु, शंकर होटलमा मिति: २०८१ भदौ ३० गते (15th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET
श्रम इजाजत नं.८३३/०६६/०६७
Target Consultant Human Resources Pvt. Ltd.
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

## कतारमा रोजगार

कम्पनी : BARAHT AL FREEJ COMPANY

पूर्व स्वीकृति मिति २०८१/०२/२० | पुन विज्ञापन स्वीकृति मिति २०८१/०५/२० | LT. No. 305695 | चलानी नं. ६०२२०३९८

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 1 | 0 | 1000 | ३६,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २८ गते (13th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

National Exports Manpower Consultant Pvt. Ltd.
Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4478786, E-mail : nationalexportsmc@gmail.com

## साउदीमा रोजगार

कम्पनी : SUGAR SPRINKLED BAKERY FOR SWEETS
शहर : Riyadh

पूर्व स्वीकृति मिति २०८१/०५/१९ | LT. No. 310230 | चलानी नं. ६०२२४८२२

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 3 | 0 | 1500 | ५३,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MY GOLDEN SHINE FOUNDATION FOR MAINTENANCE AND CLEANING

पूर्व स्वीकृति मिति २०८१/०५/१९ | LT. No. 310229 | चलानी नं. ६०२२४८२१

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electric Building | 1 | 0 | 1200 | ४२,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Plumber | 1 | 0 | 1200 | ४२,८५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २८ गते (13th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Nile International Manpower Agency Pvt. Ltd.
Sinamangal, Kathmandu, Nepal Tel : +977-1-4599491, 4578036
Fax : 00977-1-4494529 Email : nileintl@wlink.com.np/nileintl1@gmail.com
/nileintl2008@yahoo.com Website: www.nilegroupofcompanies.com
श्रम इजाजत नं. ८२०/०६६/०६७

## साउदीमा रोजगार

कम्पनी : ABDAL RECRUITMENT & MANPOWER SERVICE CO. BRANCH
शहर : Dammam

पूर्व स्वीकृति मिति : २०७९/११/१९ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०५/१९ | LT. No.281961 | चलानी नं. ६०१९७४७९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labour | 9 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २७ गते (12th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 281961 मिति: २०८१/०५/२० मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

Pigeon International Overseas Pvt. Ltd
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np

## युएईमा रोजगार

कम्पनी : AL AHLIYA SKY ON DEMAND LABORS SUPPLY
शहर : Building 913 Beside Abraj Al Mamzar, Dubai,

पूर्व स्वीकृति मिति : २०८१/०५/२० | LT. No. 310319 | चलानी नं.६०२२४८५७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker/Labour | 50 | 0 | 1000 | ३६,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २८ गते (13th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 871/066/67
SKYWAYS BUREAU SERVICES PVT.LTD.
Badri Colony, Sukedhara, Kathmandu, Nepal, Contact: +977-01-4376101, 4376102
E-mail : info@skywaysnepal.com, Web: www.societaloverseas.com

## साउदीमा रोजगार

कम्पनी : ROYAL SWEET CONFECTIONERY ESTABLISHMENT
शहर : Hafr Al Batin-31991

पूर्व स्वीकृति मिति : २०८१/०५/१९ | LT. No. 310226 | चलानी नं.६०२२४८०५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing And Wrapping Worker | 2 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २८ गते (13th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1345/074/075
Al Amal Overseas Pvt. Ltd.
Samakhusi-26, Kathmandu, Nepal +977-1-4960015, 4966061
E-mail : info@alamaloverseas.com, alamaloverseas@gmail.com, Website : alamaloverseas.com

## साउदीमा रोजगार

कम्पनी : Ibrahim Mohammed Al Whaibi For Trading and General Contracting Co.
शहर : Al Qassim

पूर्व स्वीकृति मिति : २०८१/०५/१२ | पुन विज्ञापन स्वीकृति मिति: २०८१/०५/२० | LT. No. 309727 | चलानी नं.६०२२४३५०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Driver(Trailer/Truck Mixer) | 10 | 0 | 1800 | ६४,३७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २८ गते (13th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1688/080/081
GREAT NEPAL H.R PVT.LTD.
Chundevi-04, Kathmandu, Nepal, Ph. No: 01-4547074, Mobile: 9705000220, 9705000221
E-mail : infogreatnepalhr@gmail.com, Web: www.greatnepalhr.com.np

## बहराइनमा रोजगार

कम्पनी : CITY SHINE CLEANING
शहर : Manama

पूर्व स्वीकृति मिति २०८१/०१/१२ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०५/२० | LT. No. 303789 | चलानी नं. ६०२१८६७३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | BHD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 25 | 0 | 100 | ३५,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २८ गते (13th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ७९८/०६५/०६६
GULF MANAGEMENT INTERNATIONAL PVT.LTD
P.O.Box :- 10440, Tokha-9, Gongabu, Kathmandu, Nepal, Tel. :- +977-1-5906493, 4970134,
Mobile: 9851231432, 9849205504, E-mail :- gulfmanagementinter@gmail.com, Web Site :-www.gulfmmi.com

## साउदीमा रोजगार

कम्पनी : SARAYA AL JAZEERA CONTRACTING COMPANY
शहर : Riyadh

पूर्व स्वीकृति मिति : २०८१/०५/२० | LT. No. 310145 | चलानी नं.६०२२४८३६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Skip Loader Driver (Garbage Truck D | 4 | 0 | 1800 | ६४,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २८ गते (13th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1342/074/75
Muskan Overseas Pvt. Ltd.
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np

## बहराइनमा रोजगार

कम्पनी : SEOUL RESTAURANT W.L.L.
शहर : Adliya

पूर्व स्वीकृति मिति : २०८०/०६/२१ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०५/२० | LT. No. 293689 | चलानी नं. ६०२०८८२०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | BD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Aide | 1 | 0 | 130 | ४६,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 0 | 2 | 130 | ४६,३२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २८ गते (13th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. Reg. No. 699/063/064
K & C International Pvt. Ltd
Lazimpat-2, Kathmandu, Nepal Tel: +977-1-4440633

# प्रभाव दैनिक

रूपशाला


### अभिनयमा फर्किंदै गणेश

अभिनेता गणेश भट्ट लामो समयपछि म्युनजिक भिडियोमार्फत अभिनयमा फर्किएका छन् । 'तिमी शब्द' बोलको गीतबाट भट्ट अभिनयमा फर्कन लागेका हुन् । माया प्रेममा आधारित गीतमा राजेश बुढाथोकीको शब्द, कविता श्रेष्ठ र जीवन विश्वकर्माको संगीत रहेको छ । गीतको निर्देशन सन्तोष पोखरेलले गरेका हुन् भने भट्टलाई अभिनयमा संगीता शाहीले साथ दिएकी छन् । गीत यही भदौ २२ गते दिउसो ४ बजे समिश्रषण युट्युव च्यानलबाट सार्वजनिक हुने भएको छ ।




शुक्रबार, २१ भदौ २०८१ (Friday, September 06, 2024)


# 'देवी'को प्रिमियर शो सम्पन्न

■ प्रभाव संवाददाता



**काठमाडौं–** शुक्रबारबाट प्रदर्शनमा आउने फिल्म 'देवी'को रेडकार्पेट प्रिमियर शो सम्पन्न भएको छ । कमलपोखरीस्थित एक हलमा निर्माण पक्षले बुधबार प्रिमियर शोको आयोजना गरेको हो ।

निर्माण पक्षका अनुसार विभिन्न क्षेत्रका करिब डेढ सयजनाले प्रिमियर शो हरेको थिए । उनीहरूसँगै बसेर फिल्मका शीर्ष कलाकारहरू शिल्पा मास्के, गौरव पहारी, नाजिर हुसेन, टीका पहारीलगायतले फिल्म हेरेका हुन् । नायक कर्मा शाक्यले फिल्मले गहन विषयलाई उत्कृष्ट ढंगले प्रस्तुत गरेको प्रतिक्रिया दिए । उनले भने, ' फिल्मको विषयले मन छोयो ।'

अभिनेत्री सृष्टि श्रेष्ठले यस फिल्मले बलात्कारविरुद्धमा सरकारलाई घच्घचाउन सफल हुने विश्वास व्यक्त गरिन् । त्यसै, कलाकार लुनिभा तुलाधरले फिल्म उत्कृष्ट बनेको प्रतिक्रिया दिइन् । प्रिमियरमा गजित बिष्ट, विशाल पहारी, अभिनेत्री मेनुका प्रधान, सृष्टि श्रेष्ठ, निर्देशक सौरभ चौधरीलगायत उपस्थित थिए । क्राइम थ्रिलर जनरामा निर्माण भएको फिल्मका निर्देशक सञ्जोग राई हुन् । फिल्मको कथा निर्देशक राईले अजय गौतमसँग मिलेर लेखेका छन् ।

एक्जिबिट स्टुडियोको प्रस्तुतिमा बनेको फिल्मको निर्माण पक्षले सार्वजनिक प्रदर्शनका लागि बाँसुरी फिल्म्ससँग सहकार्य गरेको छ । रेमन गुरुङ र सञ्जोग राईको निर्माण रहेको सिनेमाको कार्यकारी निर्माता जावेद खान तथा सह-निर्माता शिल्पा मास्के, उजेन नोर्वे गुरुङ, नारायण गुरुङ र मिलन लामा हुन् ।

# तीजमा घन्कनै छाड्यो मादल

**कैलाली–** कैलालीको घोडाघोडी नगरपालिका-८ की कृष्मा रोकाया मादल बजाउनमा सिपालु छिन् । तीजमा रमाइलो गर्दा वा देउसीभैलो खेल्दा उनको जिम्मा मादल बजाउने र गीत गाउने हुन्थ्यो ।

तीजको बेलामा सबै जम्मा भएर मादल बजाउँदै नाचगान गरेको उनलाई सम्झना आउँछ । तीज आउनभन्दा महिनादिन अघिदेखि नै महिला जम्मा भएर रमाइलो गरेको सम्झँदै उनले भनिन्, 'अब पहिलेको जस्तो तीजको त्यो रौनक नै हरायो ।'

धान रोपेर सकिने बित्तिकै तीजका भाकामा नाच्ने गरेको घोडाघोडी-८ की ६५ वर्षीय तिलादेवी विष्टलाई पनि सम्झना छ । 'साउन महिनादेखि नै मादलसँगै तीजका भाका गुञ्जन थाल्दथे', विष्ट भनिन्, 'अब त तीज आयो गयो केही थाहा हुँदैन ।' पछिल्लो समय तीज मनाउने शैली परिवर्तन हुँदै गएको उनको बुझाइ छ । मौलिक तीजका भाकाहरू हराउँदै गएको घोडाघोडी नगरपालिका-१ का अध्यक्ष घनश्याम ओझा बताउँछन् । 'तीज आउनलाग्दा गाउँघरमा मादल बज्न सुरु हुन्थे', ओझाले भने, 'अहिले डिजेहरू बजेका हुन्छन् मादलका भाका त सुन्न नै पाइँदैन ।' हराउँदै गएका चाडपर्वका मौलिकताहरूलाई जोगाउनु सबैको दायित्व रहेको बताउँदै उनले भने ।

चाडपर्वको मौलिकता हराएसँगै यसको प्रत्यक्ष असर व्यवसायीहरूमा परेको छ । डिजेका कारण व्यवसायमा असर पुगेको लम्कीचुहा नगरपालिका-३ का मादल व्यवसायी तीर्थ वादीले बताए । 'तीज, तिहार, विवाह हुने सिजनमा पहिले खुबै मादल बिक्री हुन्थ्यो', उनले भने, 'मादलको साटो बाख्रासम्म दिने गर्थे तर अहिले तीज आइसक्यो एउटा पनि मादल बेचेको छैन ।'

उनले भने, 'डिजेले मादल लोप भइसकेको छ जस्ले गर्दा व्यवसाय नै बन्द गर्नुपर्ने अवस्थामा आइपुगेको छ मादल बनाएर राखेको छु बिक्री हुँदैन ।' तीजको मौलिकतालाई जोगाउनका लागि केही प्रयासहरू पनि भइरहेका छन् ।

केही दिनअघि घोडाघोडी महिला सञ्जालले मौलिक तीज मिलन कार्यक्रमको आयोजना गरेको थियो । घोडाघोडी मन्दिर नजिक महिलाहरू जम्मा भएर मादल बजाएर तीज गीत गाउँदै रमाइलो गरेको सञ्जालका अध्यक्ष रमा आचार्यले बताइन् । 'तीजको मौलिकता हराउँदै गएको छ',उनले भनिन्, 'सुखदुःख साट्ने तीज अहिले भड्किलो हुँदै गएको छ, यसलाई जोगाउनका लागि तीज मिलन कार्यक्रम गरेका हौं ।'

घोडाघोडी उद्योग वाणिज्य सङ्घले पनि तीजका अवसरमा मौलिक भाकामा तीज गीत प्रतियोगिताको आयोजना गरेको छ । हराउँदै गएको तीजका पुराना भाकाहरूलाई जोगाउनका लागि प्रतियोगिता आयोजना गरेको घोडाघोडी उद्योग वाणिज्य सङ्घका अध्यक्ष दुर्गाप्रसाद गौतमले बताए । आउँदो २२ गते प्रतियोगिताको आयोजना गरेको बताउँदै उनले भने, 'हाम्रो मौलिकतालाई जोगाउनु सबैको दायित्व हो ।' *रासस*

# मिस प्लानेटमा अलिसा




**काठमाडौं (प्रस)–** कम्बोडियामा आयोजना हुने 'मिस प्लानेट २०२४'मा नेपालको प्रतिनिधित्व अनिसा पराजुलीले गर्ने भएकी छन् । नोभेम्बर १९ देखि २७ सम्म आयोजना हुने प्रतियोगीका लागि उनी १८ नोभेम्बरमा कम्बोडिया उड्नेछिन् ।

प्रतियोगीताका लागि उनी यतिबेला बिभिन्न प्रशिक्षणको तयारीमा छिन् । प्रतियोगीतामा 'नेसनल कस्ट्युम' उनले बुद्धको थिममा बनाउने सोचमा छिन् । कम्बोडियामा बौद्ध धर्मालम्बि धेरै हुने भएकोले उनले यो सोच बनाएकी हुन् ।

नेपालको नाम विश्वमा चिनाउने यो एउटा अवसर भएकोले त्यो अवसरको भरपुर फाइदा उठाउने आफ्नो योजना रहेको पराजुली बताउँछिन् ।

'मिस प्लानेट'को यो बर्षको थिम 'दिगो विकाससँगसगै मेन्टल हेल्थ अवरनेस' रहेको छ । प्रतियोगीतामा उनलाई नेक्स्ट मोडल्स नेपालले पठाउन लागेको हो । वीर नर्सिङ क्याम्पसमा माष्टर अध्यायनरत अनिसा पेशाले मनोचिकित्सा नर्स भएकोले पनि उनले राम्रो उपलब्धि हासिल गर्न सक्ने नेक्स्ट मोडल्स नेपालका सिइओ रवि धमलाले बताए ।

अनिसा केही अगाडि काठमाडौंमा सम्पन्न नर्सहरू सहभागी सौन्दर्य प्रतियोगीता 'मिस नेपाल पिस'को फस्टरनर पप विजेता हुन् । 'मिस नेपाल पिस'मा विजेता बनेको कारण नै उनले 'मिस प्लानेट २०२४'मा सहभागी अवसर प्राप्त गरेकी हुन् ।



# एनपीएलका ८ फ्रेन्चाइजीको चयन: पोखरा सबैभन्दा महंगोमा बिक्री




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल क्रिकेट संघ (क्यान) ले आयोजना गर्ने नेपाल प्रिमियर लिग (एनपिएल) का ८ फ्रेन्चाइजीको मालिक बोलकबोलबाट तय गरेको छ ।

विहिबार भएको बिडिङमा नेपाल टी ट्वान्टी प्रालीले पोखराको फ्रेन्चाइजीका लागि सबैभन्दा बढी रकम खर्च गरेको छ । नेपाल टी ट्वान्टीले पोखरा टिमको स्वामित्व ३ करोड ५७ लाखमा किनेको हो ।

त्यस्तै काठमाडौं फ्रेन्चाइजीका लागि कान्तिपुर पब्लिकेसनले दोस्रो धेरै ३ करोड ३३ लाख ३ हजार ३३९ रूपैयाँ खर्च गरेको छ । त्यस्तै एनपिएलको अर्को टिम जनकपुरका लागि तेस्रो धेरै रकम खर्च गरिएको छ । फ्रेन्चाइजी जनकपुरका लागि ड्रिम स्पोर्ट्सले २ करोड ५ लाख खर्च गरेको छ ।

त्यस्तै चौथो धेरै रकम लुम्बिनी फ्रेन्चाइजीका लागि फोर्चुन हेल्थ केयरले एक करो ८६ लाख ४ सयमा किनेको छ । त्यस्तै पाँचौं धेरै रकम चितवन टिमका लागि चितवन मेडिकल कलेज (सिएमसी) ले १ करोड ७६ हजार १ हजार खर्च गरेको छ ।

त्यस्तै इम्पियर स्पोर्टसले सुदुरपश्चिमको फ्रेन्चाइजीको स्वामित्व १ करोड ६८ लाख ८८ हजार ८८८ मा किनेको छ । त्यसैगरी अर्को टिम विराटनगरको स्वामित्व भने एमएडी ड्रिम स्पोर्टसले १ करोड ५१ हजारमा किनेको छ । त्यस्तै कर्णाली फ्रेन्चाइजीको स्वामित्व भने हिमालयन बुल्डर्सले १ करोड ११ लाख ७० हजारमा किनेको क्यानले जानकारी दिएको छ ।

एनपिएल मंसिर १५ देखि पुष ६ गतेसम्म हुने क्यानले यस अघि नै जानकारी दिइसकेको छ ।

# राखेपद्वारा कविराजलाई प्रशिक्षक नियुक्तिका लागि सिफारिस

■ प्रभाव संवाददाता



प्रशिक्षक लामाले विभिन्न अन्तर्राष्ट्रिय पारा तेक्वान्दोमा प्रशिक्षकका रूपमा हालसम्म नेपाललाई ११ पदक दिलाएका छन् । त्यसमा ३ स्वर्ण, २ रजत र ३ कांस्य रहेको छ । लामा स्वयंसेवक प्रशिक्षक हुन् ।

**काठमाडौं–** राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले पेरिस पारालिम्पिक-२०२४ मा ऐतिहासिक कांस्य पदक जितेकी तेक्वान्दोकी पलेशा गोबर्धनका प्रशिक्षक कविराज नेगी लामालाई राखेपमा सेवा गर्ने गरी प्रशिक्षक (अधिकृत तृतीय) मा नियुक्तिका लागि सिफारिस गरेको छ । राखेपले युवा तथा खेलकुद मन्त्रालयलाई सिफारिस गरेको हो ।

विगतमा पनि विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक जित्ने खेलाडी तथा उनीहरूका प्रशिक्षकलाई सफलताको कदर गर्दै राखेपमा सेवा गर्ने गरी नियुक्ति दिने प्रचलन थियो ।

अन्तर्राष्ट्रिय लेभल- २ पारा तेक्वान्दो

पेरिस पारालिम्पिकमा नेपालले जितेको कांस्य नेपाली खेलकुद इतिहासकै अहिलेसम्मको ठूलो उपलब्धी हो । पेरिस पारालिम्पिकअघि कुनैपनि ओलम्पिकमा नेपालले हालसम्म पदक जित्न सकेको थिएन । नेपालले पारालिम्पिकमा सन् २००४ को एथेन्स तथा गृष्मकालीन ओलम्पिकमा सन् १९६४ को टोकियो ओलम्पिकदेखि भाग लिन थालेको थियो ।

राखेपले पेरिस पारालिम्पकमा पदक जित्ने खेलाडी, प्रशिक्षक, व्यवस्थापक र नेपाल तेक्वान्दो संघलाई राष्ट्रिय खेलकुद विकास नियमावली- २०७९ मा व्यवस्था भए अनुसारको नगद पुरस्कारका लागि पनि सिफारिस गरिसकेको छ । पेरिस पारालिम्पिकमा पलेशाले के- ४४ क्याटगोरीअन्तर्गत महिला ५७ केजीमुनि ऐतिहासिक कांस्य पदक जितेकी थिइन् ।

# एपिएफलाई हराउँदै न्यु डायमन्ड शीर्षस्थानमा

■ प्रभाव संवाददाता

**पोखरा–** लामाचौर कप राष्ट्रिय महिला तथा पुरुष भलिबल प्रतियोगितामा विभागीय क्लब एपिएफलाई हराउँदै न्यु डायमन्ड युथ स्पोट्स क्लब शीर्ष स्थानमा उक्लिएको छ ।

नवआदर्श सामुदायिक समाजको आयोजनामा इन्द्रराज्य लक्ष्मी खेल खेल मैदानमा जारी लिगको अन्तिम खेलमा एपिएफलाई सोझो सेटमा हराउँदै शीर्ष स्थान हासिल गरेको हो । पहिलो सेट २५-१८ ले आफ्नो पक्षमा पारेको डायमन्डले दोस्रो सेट २५-२३ र तेस्रो सेट समेत २५-२३ ले हराउँदै शीर्षस्थानमा उक्लिएको हो । डायमन्डले लिगचरणमा गण्डकी र एभरेस्ट भलिबललाई ३-० को सोझो सेटमा हराएको थियो ।

राउन्ड रोविन लिगको आधारमा भएको खेलमा चार टोली सहभागिता रहेको थियो । शीर्ष दुई टोली सोझै फाइनल खेल्ने तालिका अनुसार डायमन्ड र एपिएफ यसअघि नै शीर्षस्थानमा रहँदै फाइनल प्रवेश गरिसकेका थिए ।

लिगको अन्तिम खेलको रूपमा रहेको यी दुईबीचको खेल फाइनलअघिको प्रशिक्षणसरह मानिएको छ । दुवै टोलीले फाइनलअघि एक अर्काको रणनीतिलाई बुझ्ने अवसर पाएका छन् ।

एपिएफले आफ्नो बेन्चमा रहेका खेलाडीलाई कोर्टमा उतारेको थियो । उता, डायमन्डले पनि बेन्चका खेलाडीलाई अवसर दिएको थियो ।

हारपश्चात् एपिएफ दोस्रो स्थानमा रह्यो । एपिएफको तीन खेलबाट ६ अंक रह्यो । एपिएफले लिग चरणमा एभरेस्टलाई ३-० को सोझो सेट र गण्डकीलाई ३-१ को सेटमा हराएको थियो ।

यस्तै, बिहीबार भएको प्रतिष्ठाको खेलमा एभरेस्टले गण्डकी प्रदेशलाई ३-० को सोझो सेटमा हरायो । पहिलो सेट प्रतिस्पर्धात्मक रहे पनि नतिजा भने एभरेस्टको पक्षमा २६-२४ रह्यो । दोस्रो सेटमा २५-१३ र तेस्रो सेटमा २५-१९ ले हराउँदै एभरेस्टले जित हासिल गरेको हो । योसँगै एभरेस्टले ३ खेलमा दुई जित एक हारसहित ३ अंक जोड्दा ३ खेलमै हार व्यवहारेको गण्डकी अन्तिममा रह्यो ।

यता, पुरुषतर्फको खेलमा भने विभागीय डर्बी फाइनलमा प्रवेश गरेका छन् । नेपाल पुलिस र एपिएफ एक खेलअगावै फाइनल प्रवेश गरिसकेका छन् । एपिएफल र पुलिस पनि शीर्ष स्थानमा को रहने भन्नेमा प्रतिस्पर्धा गर्नेछन् भने फाइनलअघि यी दुईको पनि प्रशिक्षण खेलसरह नै रहने छ ।

# रुसी निकायमाथि अमेरिकाले लगायो प्रतिबन्ध

**वासिङ्टन डिसी–** मुलुकको आसन्न राष्ट्रपति चुनावलाई प्रभावित पार्ने लक्ष्यका साथ मस्कोले दुर्भावनापूर्ण अभियान चलाएको प्रतिक्रियामा संयुक्त राज्य अमेरिकाले रुसका १० व्यक्ति र दुई संस्थामाथि प्रतिबन्ध लगाएको छ।

'अर्थ मन्त्रालयअन्तर्गत विदेशी सम्पत्ति नियन्त्रण कार्यालय (ओएफएसी) ले बुधबार १० व्यक्ति र दुई संस्थालाई अमेरिकी राष्ट्रपति चुनावलाई लक्षित गर्ने मस्कोको दुर्भावनापूर्ण प्रयास गरेकोमा अमेरिकी सरकारले प्रतिबन्ध लगाएको छ,' अर्थ मन्त्रालयले एक विज्ञप्तिमा जनाएको छ। महान्यायाधिवक्ता मेरिक गारल्यान्डले रुस समर्थित सञ्चारमाध्यम 'आरटी'का दुई कर्मचारीविरुद्ध सम्पत्ति शुद्धीकरण र विदेशी एजेन्ट दर्ता ऐन उल्लंघन गरेकोमा दोषी ठहर गरेका हुन्।


अमेरिकाले रुस सञ्चालित निकायहरूले लामो समयदेखि जेनेरेटिभ आर्टिफिसियल इन्टेलिजेन्स (एआई) लगायत अन्य उपकरणको प्रयोगबाट संयुक्त राज्य अमेरिकाको निर्वाचन प्रक्रिया र संस्थामा रहेको जनविश्वासलाई कमजोर पार्ने प्रयास गरिरहेको आरोप लगाएको छ।

'सन् २०२४ को प्रारम्भबाट रुसद्वारा वित्तपोषित समाचारमाध्यम आरटी अधिकारीहरूले दुर्भावनापूर्ण प्रभाव फैलाउने अभियानका लागि अञ्जान अमेरिकी प्रभावकर्ताहरूलाई गोप्यरूपमा प्रयोग गर्दै आएका थिए,' अर्थ मन्त्रालयले भनेको छ। अमेरिकी अर्थमन्त्री जेनेट येलेनले बाइडेन प्रशासनले रुसको यस्ता गतिविधिहरूका लागि राज्य प्रायोजित निकायलाई जवाफदेही बनाउने प्रयास गरिरहेकोमा जोड दिए। 'आजको कार्यले हाम्रा संस्थामा जनताको विश्वास कमजोर गराउने उद्देश्यका गतिविधिहरूका लागि राज्य प्रायोजित निकायलाई जवाफदेही बनाउने अमेरिकी सरकारको प्रयासलाई जोड दिन्छ,' उनले भने, 'हाम्रो लोकतान्त्रिक सिद्धान्त र निर्वाचन प्रणालीको अखण्डताको रक्षा गर्ने हाम्रो प्रतिबद्धतामा डगमगाउने छैन।'

विदेश मन्त्रालयले अमेरिकाविरुद्ध गोप्य गतिविधिका लागि आवरणका रूपमा प्रयोग गर्ने क्रेमलिन-समर्थित सञ्चार संगठनका लागि काम गर्ने व्यक्तिमाथि लगाइएको प्रतिबन्ध नीतिसहित तीन सम्बन्धित कार्यहरू पनि घोषणा गरेको छ।

विदेश मन्त्रालयका एक वरिष्ठ अधिकारीले बताएअनुसार यसले अमेरिकामा सञ्चालनमा रहेका छवटा आरटी सम्बद्धलाई 'विदेशी मिसन' का रूपमा दर्ता गरिएको छ। साथै, अमेरिकी चुनावमा हस्तक्षेप गर्ने सम्भावित विदेशी प्रयासका बारेमा जानकारी दिनेलाई एक करोड डलरसम्मको पुरस्कार दिने प्रस्ताव गरेको छ। *रासस/एएनआई*

# आगामी तीन वर्षमा अफ्रिकालाई ५० अर्ब डलर दिने चिनियाँ राष्ट्रपतिको वाचा



**बेइजिङ–** महामारीपछिको बेइजिङको सबैभन्दा ठूलो शिखर सम्मेलनमा चिनियाँ राष्ट्रपति सी चिनफिङले बिहीबार आगामी तीन वर्षमा अफ्रिकाका लागि ५० अर्ब डलरभन्दा बढीको आर्थिक सहयोग गर्ने वाचा गरेका छन्। उनले अफ्रिकासँग पूर्वाधार र व्यापारमा सहयोगलाई अझ गहिरो बनाउने वाचा गरे।

सरकारी सञ्चारमाध्यमका अनुसार ५० भन्दा बढी अफ्रिकी नेता तथा संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेस यस साताको चीन-अफ्रिका मञ्चमा सहभागी छन्। अफ्रिकी नेताहरूले पूर्वाधार, कृषि, खानी, व्यापार र ऊर्जामा थप सहयोगका लागि यो साताअघि नै धेरै सम्झौताहरू सुरक्षित गरिसकेका छन्।

बिहीबार बिहान बेइजिङको ग्रेट हल अफ दि पिपुलमा मञ्चको उद्घाटन समारोहमा नेताहरूलाई सम्बोधन गर्दै राष्ट्रपति सीले अफ्रिका महादेशसँगको सम्बन्धलाई 'इतिहासको सबैभन्दा राम्रो अवधि' भने। 'चीन अफ्रिकी मुलुकहरूसँग उद्योग, कृषि, पूर्वाधार, व्यापार र लगानीमा सहयोगलाई गहिरो बनाउन तयार छ,' उनले भने, 'आगामी तीन वर्षमा चिनियाँ सरकार तीन खर्ब ६० अर्ब युआन (५० अर्ब ७९ करोड डलर) को वित्तीय सहयोग उपलब्ध गराउन इच्छुक छ।'

उनका अनुसार उक्त सहयोगको आधाभन्दा धेरै हिस्सा ऋणमा हुने छ जसमा ११ अर्ब डलर 'विभिन्न प्रकारको सहायता' का साथै १० अर्ब डलर चिनियाँ कम्पनीहरूलाई लगानीका लागि प्रोत्साहित गर्नेमार्फत हुने छ। उनले 'अफ्रिकाका लागि कम्तीमा १० लाख नोकरी सिर्जना गर्न' सहयोग गर्ने पनि वाचा गरे।

बैठकमा राष्ट्रसंघका महासचिव गुटेरेसले अफ्रिकी नेताहरूसँग चीन र अफ्रिका महादेशबीच बढ्दो सम्बन्धले 'नवीकरणीय ऊर्जा क्रान्तिलाई प्रवर्द्धन गर्नसक्ने' बताए। 'गरिबी उन्मूलनलगायत चीनको विकासको उल्लेखनीय रेकर्डले अनुभव र विशेषज्ञताको खजाना प्रदान गर्दछ,' उनले भने। *रासस/एएफपी*

# आगामी साता प्रतिद्वन्द्वी ट्रम्पसँग हुने बहसको तयारीमा ह्यारिस




**पिट्सबर्ग–** उपराष्ट्रपति कमला ह्यारिस बिहीबार पाँच दिनका लागि अगामी हप्ता हुने राष्ट्रपति बहसको तयारीका लागि महत्त्वपूर्ण रणभूमि राज्य पेन्सिलभेनिया पुगेकी छन्।

फिलाडेल्फियामा रिपब्लिकन प्रतिद्वन्द्वी डोनाल्ड ट्रम्पविरुद्ध मंगलबार हुने बहसका लागि ह्यारिस पिट्सबर्ग पुगेकी हुन्। त्यहाँ उनले सल्लाहकारसँगको सहकार्यमा चुनावी रणनीति तयार पार्नुहुने द वासिङ्टन पोस्ट र सिएनएनले जनाएको छ।

उनको अभियान कार्यक्रम निर्धारित गरिएको छैन तर मतदाताहरूसँग अनौपचारिक बैठकहरूमा भाग लिने अपेक्षा गरिएको छ। छ हप्ताअघि राष्ट्रपतिको दौडमा ह्यारिसको प्रवेशले बाइडेनको ट्रम्पविरुद्ध जितको न्यून सम्भावनाले निराश भएका डेमोक्रेटहरूबीच उत्साह छरेको छ। हाल दुवै दलले नोभेम्बर ५ मा हुने चुनावका लागि तयारी गरिरहेका छन्।

अमेरिकी निर्वाचनमा पेन्सिलभेनिया, जर्जिया र अन्य स्विङ राज्यहरू निर्णायक हुने अपेक्षा गरिएको छ। आगामी हप्ता हुने बहसले निर्वाचन अभियानको सबैभन्दा गहन चरणको सुरुआतलाई चित्रित गर्ने छ भने यो ह्यारिस र ट्रम्पबीचको पहिलो भेट हुने छ।

ह्यारिसको पेन्सिलभेनियामा हुन लागेको तयारीले मेरिल्यान्डको क्याम्प डेभिडमा ट्रम्पसँगको जुन २७ को बहसका लागि बाइडेनको एक हप्ता लामो तयारीलाई प्रतिविम्बित गर्दछ। यसले उनको राष्ट्रपति अभियानलाई प्रभावकारीरूपमा समाप्त गरेको थियो। *रासस/एएफपी*

# हत्या गरिएकी चिकित्सकको न्यायका लागि मैनबत्ती जुलुस



**कोलकाता–** चिकित्सकको बलात्कार र हत्या भएको करिब एक महिनापछि न्यायको माग गर्दै भारतीयहरूको विशाल भीडले मैनबत्ती लिएर बिहीबार बिहानै कोलकाताका सडकहरूमा जुलुस निकालेको छ।

अगस्ट ९ मा कोलकाताको एक सरकारी अस्पतालमा ३१ वर्षीया चिकित्सकको रगतले लतपतिएको शव फेला परेपछि महिलाविरुद्ध हिंसाको दीर्घकालीन समस्यालाई लिएर मुलुकभर आक्रोश बढेको छ। चम्किरहेको मैनबत्ती र माटोको दियोमा लेखिएको एक सन्देशमा भनिएको छ, 'हामी न्याय चाहन्छौं'। प्रदर्शनकारीहरूले बोकेका प्रतीकमा लेखिएको थियो, 'उज्यालो होस्, न्याय होस्'।

उक्त नृशंस हत्याले सम्पूर्ण भारतमा विरोध प्रदर्शन सुरु भयो र महिलाहरूको सुरक्षा अवस्थाको माग गर्दै चिकित्सकहरूले बारम्बार हडताल गरिरहेका छन्। बाँकी भारतमा धेरै विरोध प्रदर्शन र हडताल शान्त भए पनि कोलकाताजस्तो विशाल सहरमा नियमित प्रदर्शनहरू जारी छन्।

कोलकोताको जुलुसमा करिब एक लाख मानिसले भाग लिएको प्रहरीले बताएको छ। राजधानी नयाँदिल्लीमा पनि यस्तै सानो जुलुस आयोजना गरिएको छ। प्रदर्शनकारी रुबिना मुखर्जीले भने, 'सम्पूर्ण मुलुकको हृदय छियाछिया भएको छ।'

बुधबार साँझ अबेरसम्म हडतालमा रहेका सयौं चिकित्सकसँगै हजारौं मानिस भेला भएर विरोधमा मानव शृंखला बनाउन एकअर्काको हात समाइरहेका थिए। एक घन्टाका लागि बत्ती निभाइयो। सहरको एउटा ठूलो हिस्सा अँध्यारो भयो। प्रदर्शनकारीहरूले बलिरहेको मशाल बोकेर सहरको अँध्यारो आकाशलाई उज्यालो बनाइरहेका थिए।

'न्याय नमिलेसम्म हामी बारम्बार रात बिताउनेछौं,' ३५ वर्षीया गृहिणी स्मिता रायले भनिन्। महिलाहरूले भारतीय झन्डा फहराउँदै सामूहिक धर्ना दिएर सडक अवरुद्ध गरेकाले कोलकाताका सामान्यतया व्यस्त हुने मुख्य सडकहरूमा यातायात रोकिएको थियो।

कहिलेकाहीँ भीडले क्रोधमा चिच्याउँदै 'वि वान्ट जस्टिस' भन्ने नारा लगाउँथे। तर, मैनबत्तीहरू जलाउन सुरु गरेपछि त्यो नारा विस्तारै नरम गीत गाउनुअघि शान्त प्रतिविम्बमा रोकिए।

हत्या गरिएकी चिकित्सकका पिताले पनि शव फेला परेको अस्पतालबाहिरको जुलुसमा कुराकानी गरे। उनले छोरीको हत्यापछि आफ्नो परिवारको 'छियाछिया भएको हृदय' र हत्याले कसरी 'मानसिकरूपमा स्तब्ध बनायो' भन्नेबारेमा बताए। प्रदर्शनकारीहरूले हत्या गरिएकी चिकित्सकलाई 'अभया' उपनाम दिएका छन्। यसको अर्थ निडर हो।

हत्याको आरोपमा एक व्यक्तिलाई हिरासतमा लिइएको छ तर अनुसन्धानको तरिकालाई लिएर पश्चिम बंगाल सरकारले सार्वजनिक आलोचनाको सामना गर्नुपरेको छ। आफ्नो परिवारमाथि छोरीको शवलाई चाँडोभन्दा चाँडो अन्त्येष्टि गर्न 'धेरै दबाब' दिइएको भन्दै पिताले आक्रोश व्यक्त गरे। 'हामी उनको शव राख्न चाहन्थ्यौं, उनको अन्त्येष्टि गर्न के हतार थियो ? उनको मृत्यु रहस्यले ढाकिएको छ,' उनले भने।

बलात्कारीलाई मृत्युदण्ड दिनसक्ने मंगलबार पारित राज्यको एक कानुनलाई पनि उनले 'लोकप्रिय देखावटी' बाहेक केही नभएको भन्दै खारेज गरे। *रासस/एएफपी*


## डोल्पो बुद्ध गाउँपालिका

༄ དོལ་པོ་བུདྡྷ་གྲོང་སྡེ་སྐྱོང་ཞབས་ལྷན་ཁང་།

**Dolpo Buddha Rural Municipality**

**गाउँ कार्यपालिकाको कार्यालय**

**धो, डोल्पा, कर्णाली प्रदेश, नेपाल**

**INVITATION FOR ELECTRONIC BIDS**

*Invitation for electronic Bids for the Construction Works Under Below Mentioned Contracts*

**Date of publication: 06-09-2024 (2081-05-21 BS)**

1. ***Dolpo Buddha Rural Municipality*** invites electronic bids from Nepalese eligible bidders for the construction of ***following works*** under National Competitive Bidding procedures.

| SN | Description of Works | Contract ID | Estimated Amount (Exclusive of VAT and Contingencies) | Bid Security Amount (NRS) | Remarks |
|---|---|---|---|---|---|
| 1 | *Dho Helthpost Maintenance and Management* | DBRM/DOLPA/ WORKS/NCB/01081/082 | NRS. 21,44,547.04/- | 60,000/- | Bidding Document Fee NRs 3,000/- |
| 2 | *Nilung Irrigation Canal Construction* | DBRM/DOLPA/ WORKS/NCB/02-081/082 | NRS. 85,51,511.34/- | 2,50,000/- | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Of ***Dolpo Buddha Rural Municipality, Dolpa, Karnali Province, Nepal*** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   *Name of the Bank:* ***Rastriya Banijya Bank Ltd.***
   *Name of Office:* ***Dolpo Buddha Rural Municipality, Dolpa***
   *Office Account no.:* ***4540100301010002*** *Rajaswa (revenue) Shirshak no.:* ***14229***
4. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before ***12:00*** on ***06-10-2024(2081-06-20 BS)***. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***06-10-2024 (2081-06-20 13:00*** at the office of ***Dolpo Buddha Rural Municipality, Dolpa***.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

***Chief Administrative Officer***



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

**पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६। ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि.- पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।**

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्षे.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १५२००० | प्रति तोला - - | प्रति तोला - १७६५ |



**घुम्दै फिर्दै रूम्जाटार** | ओखलढुंगा जिल्ला सिद्धिचरण नगरपालिका देउरालीबाट देखिएको रूम्जाटार विमानस्थल। *तस्बिरः चन्द्रकला क्षेत्री/रासस*

# 'अरुण तेस्रोमा देखिएका समस्या समाधान गर्नुस्'

■ प्रभाव संवाददाता

**काठमाडौं–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले अरुण तेस्रो जलविद्युत् आयोजनाको प्रसारणलाइन विस्तारमा देखिएका समस्या समाधान गर्न निर्देशन दिएका छन् ।

अरुण तेस्रो जलविद्युत् आयोजना, लगानी बोर्ड र पाँच जिल्लाका प्रमुख जिल्ला अधिकारीसँगको 'भर्चुअल बैठक' मा मन्त्री खड्काले समस्या समाधानमा केन्द्रित हुन सबैलाई निर्देशन दिए । 'विद्युत् उत्पादन गर्ने समय एकदिन मात्र ढिला हुँदा पनि राज्यले करोडौंको घाटा बेहोर्नुपर्छ, आयोजना र सिङ्गो मुलुकमा यसको प्रभाव पर्ने भएकाले समयमै सम्पन्न हुनेगरी स-साना समस्यालाई समाधान गर्दै लाग्नुपर्छ', उनले भने ।

ऊर्जामन्त्री खड्काले सन् २०३५ सम्म नेपालमा २८ हजार पाँच सय मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य सरकारले लिएकाले उक्त लक्ष्य पूरा गर्न आयोजना, प्रमुख जिल्ला अधिकारी र लगानी बोर्डको योगदान महत्वपूर्ण रहेको उल्लेख गरे । उनले स्थानीय जनप्रतिनिधि, निर्माण कम्पनीसँग सहकार्य गरेर समस्याको समाधान गर्नुपर्नेमा जोड दिए ।

'आयोजनालाई अगाडि बढाउन काहाँकाहाँ अवरोध छन्, त्यससँग सम्बन्धित व्यक्ति कोको हुन्, त्यसको पहिचान गरेर प्रमुख जिल्ला




अधिकारीले समाधान गर्न लाग्नुहुनेछ भन्ने विश्वास लिएको छु', मन्त्री खड्काले भने । स्थानीयस्तरमा देखिएका समस्या समाधान गर्न स्थानीय सरकारले समेत सहयोग गर्नुपर्ने उनको भनाइ छ ।

ऊर्जामन्त्री खड्काले अरुण तेस्रो जलविद्युत् आयोजनालाई अगाडि बढाउने कुरामा प्रधानमन्त्रीको समेत चासो र चिन्ता रहेकाले यसलाई समयमा सम्पन्न गर्नुपर्ने उल्लेख गरे । उनले ऊर्जा क्षेत्रको समग्र विकासका लागि निजी क्षेत्रलाई साथमा लिएर अगाडि बढ्नुपर्ने बताए । ऊर्जा मन्त्रालयका सचिव गोपालप्रसाद सिग्देलले आयोजना निर्माणका क्रममा देखिएका समस्या समाधान गर्न मन्त्रालयले आवश्यक समन्वय र सहयोग गर्ने बताए । उनले आयोजनागत रूपमा ऐलानी जग्गा प्राप्तिसम्बन्धी प्रस्ताव मन्त्रिपरिषद्मा पेस गरिएको बताउँदै अरुण तेस्रोको लगानी बोर्डमार्फत आयोजना विकास सम्झौता भएकाले बोर्डमार्फत नै मन्त्रिपरिषद्मा प्रस्ताव पेस गर्नुपर्ने उल्लेख गरे ।

बैठकमा मन्त्रालयका वरिष्ठ ऊर्जा विज्ञ प्रवल अधिकारी, सप्तरीसभाका प्रमुख जिल्ला अधिकारी ध्रुवबहादुर खड्का, धनुषाका प्रमुख जिल्ला अधिकारी रामुराज कडरिया, खोटाङका प्रमुख जिल्ला अधिकारी शिवकुमार कार्की, भोजपुरका प्रमुख जिल्ला अधिकारी नरबहादुर थापा, उदयपुरका प्रमुख जिल्ला अधिकारी हरिप्रसाद घिमिरे, अरुण तेस्रो आयोजनाका प्रमुख कार्यकारी अधिकृतलगायतले प्रसारणलाइन विस्तारका क्रममा देखिएका समस्याकाबारेमा मन्त्रीलाई जानकारी गराएका थिए ।

# 'अर्थतन्त्र गतिशील बनाउन प्रतिबद्ध'

■ प्रभाव संवाददाता

**कञ्चनपुर–** गृहमन्त्री रमेश लेखकले शिथिल अवस्थामा रहेको अर्थतन्त्रलाई गतिशील बनाउन सरकार प्रतिबद्ध रहेको बताएका छन् । बिहीबार शुक्लाफाँटा नगरपालिका -१० झलारीमा नेपाली कांग्रेस निर्वाचन क्षेत्र नं २ क्षेत्रीय कार्यसमितिले आयोजना गरेको कार्यकर्ता भेटघाटमा बोल्दै उनले मुलुकको अर्थतन्त्र बलियो बनाउनका लागि नेपाली कांग्रेस र नेकपा (एमाले) बिच समिकरण बनाइ स्थीर सरकार गठन भएको बताएका हुन् ।

'सरकार अस्थीर हुँदा नयाँ समिकरण बन्ने भत्किने अवस्था थियो', उनले भने, 'सेवाप्रवाह ठिक ढङ्गले हुन सकेन, विकास निर्माणसँगै सुशासन अगाडि बढ्न पाएका थिएनन् ।' सात बुँदे सहमतिको जगमा बनेको सरकारले देशमा भ्रष्ट्राचार नियमन गरी सुशासनको प्रत्याभूति दिने र दीगो शान्ति सुरक्षा प्रदान गर्न कटिबद्ध भएर अगाडि बढ्ने उनको भनाइ छ ।

संविधानको कार्यान्वयन ठिक ढङ्गले गर्न आगामी निर्वाचनसम्म सत्ता समिकरण रहिरहने उनले बताए । १८ वर्षदेखि थाती रहेको सङ्क्रमणकालीन न्यायको काम नयाँ गठबन्धनको स्थिर सरकार बनेपछि टुङ्गोमा पुगेको उनले उल्लेख गरे । जसले गर्दा सरकारप्रति जनतामा विश्वास बढेको उनको भनाइ छ ।

कञ्चनपुरलाई भारत, नेपाल, चीनबिचको त्रिदेशीय नाकाको रूपमा विकसित गरिने गृहमन्त्री लेखकले बताए । दोधारा चाँदनीमा सुख्खा बन्दरगाह निर्माणसँगै महाकाली करिडोर निर्माणलाई तीव्ररूपमा अगाडि बढाइने उनले उल्लेख गरे । त्रिदेशीय नाका बनाएर यहाँ उत्पादित वस्तुलाई निर्यात गर्न दैजी छेला औद्योगीक क्षेत्रमा उद्योग स्थापना गरिने उनले जानकारी दिए । भूमिसम्बन्धी आयोग गठनको कार्य अन्तिम चरणमा रहेको उनले बताए ।

सीमा क्षेत्रमा हुने आपराधिक क्रियाकलाप नियन्त्रण गर्न योजनाबद्ध रूपमा अगाडि बढेको उनको भनाइ छ । लागुऔषधको समस्या चुनौतीका रूपमा रहेकाले उहाँले भारतीय विदेश सचिवसँगको भेटमा सीमापार क्षेत्रबाट हुने लागुऔषध ओसारपसार रोक्न जोडदार रूपमा मुद्दा उठाएको बताए ।

भारतीय विदेश सचिवले दुवै क्षेत्रमा लागुऔषध रोकथामका लागि कडाइ गर्ने प्रतिबद्धता जनाएको जानकारी दिए । वर्षौंदेखि थाती रहेको निकुञ्ज विस्थापित परिवारको पुनः स्थापना अगाडि बढाउने प्रतिबद्धता जनाए । यसै क्रममा गृहमन्त्री लेखकलाई निकुञ्ज विस्थापित, बाढी प्रभावित क्षेत्रका बासिन्दाले ज्ञापनपत्र बुझाएका थिए ।

## कर्पोरेट

### ज्योति विकासका ग्राहकलाई जस्मिन फिटनेश क्लबमा छुट

**काठमाडौं (प्रस)–** ज्योति विकास बैंक लिमिटेडले काठमाडौंस्थित जस्मिन फिटनेश क्लब एण्ड स्पामा बैंकका ग्राहकहरूलाई २० प्रतिशत सम्मको विशेष छुट प्रदान गर्ने सम्बन्धी सम्झौता गरेको छ । यस सम्झौतापश्चात्, ज्योति विकास बैंकका ग्राहकहरूले उक्त क्लब र स्पामा २० प्रतिशतसम्म आकर्षक छुट प्राप्त गर्न सक्नेछन् ।




हालै बैंकले ललितपुरस्थित मेडेक्स मल्टीस्पिसियालिटी क्लिनिक एण्ड डाइग्नोसिस सेन्टरमा २० प्रतिशतसम्मको छुट प्रदान गर्ने सम्झौता गरेको छ । यसका साथै, बैंकले काठमाडौंस्थित ट्याङ्क्विलिटी स्पाका देशभरका १७ वटै आउटलेटहरूमा हरेक सेवा तथा सुविधाहरूमा ग्राहकहरूलाई ३० प्रतिशतसम्मको विशेष छुट प्रदान गर्ने सम्झौता पनि गरेको छ । साथै, बैंकले टिस्टुङ रिसोर्टमा १५ प्रतिशतसम्मको विशेष छुट प्रदान गर्ने सम्झौता पनि गरेको छ । ज्योति विकास बैंकले ग्राहकहरूको सुविधालाई प्राथमिकतामा राख्दै, देशका अन्य विभिन्न व्यवसायहरूसँग निरन्तर सहकार्य गर्दै, ग्राहकहरूलाई विशेष छुट र सुविधा प्रदान गर्दै आइरहेको छ ।

संस्थागत सुशासनलाई शिरोपर गर्दै, समाजप्रति उत्तरदायी यस विकास बैंकले नवीनतम चिन्तनका साथ समाजको अभ्युदय र दिगो परिवर्तनको संवाहक बन्दै समस्त नागरिकको जीवन जाज्वल्यमान बनाउने उद्देश्यलाई सदैव उच्च प्राथमिकतामा राख्ने कार्यलाई निरन्तरता प्रदान गर्ने र आगामी दिनहरू पनि परिवर्तनको ज्योति बन्ने अठोट प्रति प्रतिबद्ध रहेको छ । आफ्नो खुद मुनाफाबाट नेपालमा हाल सञ्चालनमा रहेका अन्य बैंक तथा वित्तीय संस्थाहरूले सामाजिक उत्तरदायित्व अन्तर्गत समाजिक कार्यमा गर्ने योगदान भन्दा ५० प्रतिशत बढी रकम छुट्याई समाजप्रति थप उत्तरदायी बनेको यस विकास बैंकले नागरिकको सर्वोत्तम हित सदा उच्च प्राथमिकतामा राखेको छ । ज्योति विकास बैंकले उपत्यका र उपत्यकाबाहिर गरी हाल १२१ शाखा कार्यालय, ३ विस्तारित काउन्टर तथा ७५ वटा एटीएम मार्फत बैंकिङ सेवा उपलब्ध गराउँदै आइरहेको छ ।

### इन्ड्राइभका ड्राइभर पार्टनर्ससम्बन्धी विशेष कार्यक्रम

**काठमाडौं (प्रस)–** इन्ड्राइभ, ग्लोबल मोबिलिटी र अर्बन सर्भिस प्लेटफर्मले काठमाडौंमा आफ्ना ड्राइभर पार्टनर्सहरूको परिवारप्रति समर्पित विशेष इनिशियटिभ घोषणा गरेको छ । यो इनिशियटिभ इन्ड्राइभका ड्राइभर पार्टनर्सहरूका बालबालिकाहरूलाई बहुमूल्य प्रशिक्षण र आवश्यक मर्चेन्डाइज प्रदान गरेर सहभागी हुन र समर्थन गर्नमा केन्द्रित रहेको छ । इन्ड्राइभले आफ्ना ड्राइभर पार्टनर्सहरू र उनीहरूका छोराछोरीहरूलाई जुत्ता र टी-सर्टहरू लगायतका विशेष मर्चेन्डाइज वितरण गरेको छ ।




मर्चेन्डाइज उपहारको अतिरिक्त, बालबालिकाहरूको लागि एउटा ट्रेनिङ सेसनको आयोजना गरेको छ । यो सेसन युवा मष्तिष्कलाइ इन्साइट र दक्षता प्रदान गरेर सशक्तिकरण र प्रेरित गर्न डिजाइन गरिएको हो । यो ट्रेनिङले उनीहरूको शैक्षिक र व्यक्तिगत वृद्धिमा फाइदा पुर्याउनेछ । इन्ड्राइभले काठमाडौंमा आफ्ना ड्राइभर पार्टनर्सहरूको लागि उपहारको पनि आयोजना गरिरहेको छ । यस अन्तरगत, योरपेस तालिममा भाग लिइरहेका ड्राइभर पार्टनर्सका बालबालिकाहरूले ट्याब्लेट जित्ने मौका पाउनेछन् । यसका साथै इनड्राइभ ड्राइभर पार्टनर्सहरूलाई उनीहरूको समर्पण र कडा परिश्रमको कदर गर्दै दुईवटा विद्युतीय सवारी (ईभी) उपहार दिइनेछ । इनड्राइभको हेड अफ स्पोर्टस् अन्ना फेडोरचुकले भनिन्, 'इन्ड्राइभको सफलता हाम्रो चालक समुदायको शक्ति र प्रतिबद्धतामा आधारित रहेको छ । यो इनिशियटिभ ड्राइभर पार्टनर्सहरूलाई मात्र नभई तिनीहरूका परिवारको संलग्नताका लागि पनि केन्द्रित रहेको छ । यसले हाम्रो इन्ड्राइभ परिवारमा खुसी र सकारात्मक प्रभाव ल्याउनेछ भन्ने अपेक्षा गरेकी छु ।'

# चाइना साउदर्न एयरलाइन्सको भैरहवा र पोखरामा उडान भर्न चासो

**काठमाडौं (प्रस)–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डे र चाइना साउदर्न एयरलाइन्सका प्रतिनिधिबीच भैरहवा र पोखरा अन्तर र्राष्ट्रिय विमानस्थलमा हवाई उडान भर्ने विषयमा छलफल भएको छ ।

चाइना साउदर्न एयरलाइन्सका प्रतिनिधिले बिहीबार मन्त्री पाण्डेसमक्ष सिंहदरबारमा भेट गरी पोखरा र भैरहवामा उडान भर्न आफूहरू उत्साहित रहेको बताएको पर्यटन मन्त्रालयले जनाएको छ । ४० वटाभन्दा बढी मुलुकमा सेवा दिँदै आएको चीनको प्रमुख एयरलाइन्समध्येको चाइना साउदर्न एयरलाइन्सले नेपालमा समेत आफ्नो सेवा सञ्चालन गरिरहेको छ ।

चीनको ग्वाङजाओबाट हाल काठमाडौँमा नियमित रूपमा उडान भर्दै आएको उक्त एयरलाइन्सले पोखरा र भैरहवा उडानका लागि मन्त्री पाण्डेले नीतिगत रूपमा गरेको सुधारको प्रशंसा गरेको थियो ।

चाइना साउदर्न एयरलाइन्सले पोखरा र भैरहवास्थित अन्तर्राष्ट्रिय विमानस्थलमा उडान भर्ने कुराको स्वागत गर्दै मन्त्री पाण्डेले भने, 'तपाईंहरू पर्यटकीय राजधानी पोखरा र भगवान् गौतम बुद्धको जन्मस्थल भैरहवा उडान भर्नेमा स्वागत गर्न चाहन्छु । यसले द्विपक्षीय हित आपसी सम्बन्ध विस्तारमा समेत फाइदा पुग्नेछ ।'

मन्त्री पाण्डेले चाइना साउदर्नको नियमित उडानले नेपाल र चीन दुवै मुलुकलाई फाइदा पुग्ने विश्वास व्यक्त गरे । मन्त्री पाण्डेले नेपाल एयरलाइन्सले चाइना साउथ एयरलाइन्सबाट हवाई सुरक्षाबारे लाभ लिनेसमेत प्रस्ट पारे ।

# नेप्से परिसूचक ओरालो यात्रामा

**काठमाडौं (प्रस)–** धितेपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक साताको अन्तिम दिन बिहीबार ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक १२ दशमलव १० अङ्कले ओरालो लागेर दुई हजार सात सय २७ दशमलव ३६ मा सिमित भएको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलव ३५ अंकले ओरालो लागेर चार सय ८६ दशमलव ३६ मा सिमित भएको छ । कारोबार भएका कूल १३ उपसमूह मध्ये ११ उपसमूहको सेयर मूल्य ओरालो लाग्दा दुई उपसमूहको सेयर मूल्य भने उकालो लागेको छ ।

कूल दुई करोड एक लाख ५३ हजार नौ सय ९३ कित्ता सेयर रु नौ अर्ब ६५ करोड १५ लाख १३ हजार दुई सय ४६ मूल्यमा कारोबार भएको छ । नेप्सेका अनुसार आत्मनिर्भर लघुवित्तको सेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ ।

यूनिक नेपाल लघुवित्त नौ दशमलव १४, नेष्डो समृद्धि लघुवित्त आठ दशमलव ४३, अप्प्र हेवाखोला हाइड्रोपावर सात दशमलव ९२ र गुडविल फाइनान्सका लगानीकर्ताले सात दशमलव ८३ प्रतिशतले कमाएका छन् ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः:arketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ